जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

टी-२० सिरिजमा नेपालको लगातार दोस्रो जित | पृष्ठ ६ मा



छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक ९६ • २०८० साल भाद्र ७ गते बिहीबार (24 August, Thursday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

## कोशी प्रदेशसभा विवादसम्बन्धी रिटको सुनुवाइ आज

टुडे समाचारदाता

काठमाण्डु । उद्धव थापा नेतृत्वको सरकार बर्खास्त गर्न अन्तरिम आदेश माग गर्दै दायर गरिएको रिटमा बिहीबार नै सुनुवाइ हुने भएको छ । नेकपा एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्कीले दायर गरेको रिटमा बिहीबार नै सुनुवाइ हुन लागेको छ।

सभाध्यक्षले समेत मतदान गरी विश्वासको मत लिनु संविधान र सर्वोच्च अदालतको आदेश विपरीतको कार्य भएको भन्दै नेकपा एमाले कोशी प्रदेशसभा संसदीय दलका नेता हिक्मतकुमार कार्कीले परमादेशको माग गर्दै बुधवार सर्वोच्च अदालतमा रिट दर्ता गराएका थिए।

कोशी प्रदेश सरकारका मुख्यमन्त्री उद्धव थापाले संविधान विपरीत सभाध्यक्ष इस्राइल मन्सुरीलाई मतदान गराएर विश्वासको मत प्राप्त गरेको विरुद्धमा नेकपा एमालेले सर्वोच्च अदालत पुगेको थियो।

कार्कीले प्रदेश प्रमुख परशुराम खापुङ, मुख्यमन्त्री हिक्मतकुमार कार्की, सभाध्यक्ष गरेका सांसद इस्राइल मन्सुरी, अध्यक्ष मण्डलकी सांसद गीता तिम्सिना र प्रदेशसभा सचिवालय विरुद्धमा मुद्दा दर्ता गराएका थिए।



रिट निवेदनमा गैर-संवैधानिक रूपमा विश्वासको मत प्राप्त गरेको भन्दै मुख्यमन्त्री उद्धव थापाको विश्वासको मत बदर गरी ठूलो दलको हैसियतमा आफूलाई मुख्यमन्त्री नियुक्त गर्न परमादेश समेतको माग गरिएको छ।

सर्वोच्च अदालतका प्रवक्ता विमल पौडेलका अनुसार उक्त रिट बिहीबारको पेसीमा चढेको छ। उक्त रिट बिहीबार एक न्यायाधीशको इजलासमा पेस भई अल्पकालीन अन्तरिम आदेश वा अन्तरिम आदेशको माग हुन सक्नेछ। सर्वोच्चले अन्तरिम आदेश दिएमा कोशी प्रदेश सरकार फेरि पनि कामचलाउ बन्नेछ।

यता, कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाले सदन र सरकार सहमति र सहकार्यबाट चल्नुपर्ने बताएका छन् । कोशी प्रदेशसभाको बैठक बुधबार स्थगित भएपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले सहमति र सहकार्यको विकल्प नरहेको बताए।

जनताको चाहना र आवश्यकता पूरा गर्न सदन र सरकार आपसी सल्लाह, सहमति र सहकार्यबाट सञ्चालन गर्न प्रतिपक्ष दलका नेतालाई आग्रह पनि गरे।

सरकारले हालै विश्वासको मत लिने प्रक्रियालाई लिएर विपक्षी दल नेकपा (एमाले) सर्वोच्च अदालत जाने भन्ने विषयमा गरिएको प्रश्नमा उनले भने-'सर्वोच्च अदालतको जे फैसला आउँछ त्यसलाई शिरोधार्य गर्ने छु।'

चालु आर्थिक वर्षका लागि अध्यादेशबाट आएको बजेट पास गराउन आफू सकारात्मक रहेको र यसका लागि प्रमुख प्रतिपक्ष दलको भूमिका पनि सकारात्मक हुनुपर्ने भन्दै मुख्यमन्त्री थापाले बजेट पास गराउने समय अझै पनि रहेकाले यसमा प्रतिपक्ष दलहरू गम्भीर हुनुपर्ने प्रतिक्रिया दिए।

### ट्र्याक्टर खरिदमा वीरगञ्ज महानगरद्वारा करोडौं अनियमितता

# साढे ५ लाख पर्ने ट्र्याक्टर साढे ९ लाखमा खरिद

टुडे समाचारदाता

वीरगञ्ज । मधेश प्रदेशको एक मात्र महानगरपालिका वीरगञ्ज महानगरपालिकाले ट्र्याक्टर खरिदमा व्यापक अनियमितता गरेको पाइएको छ। वीरगञ्ज महानगरले साढे ५ लाख भन्सारमा पर्ने ट्र्याक्टर साढे ९ लाखमा खरिद गरेको छ।

वीरगञ्ज महानगरले फोहोर संकलनका लागि ३२ वटै वडाका लागि गत वैशाखमा ३२ वटा ट्र्याक्टर र टेलर खरिद गरेको थियो। एउटा ट्र्याक्टरका लागि महानगरले ९ लाख ५० हजार र टेलरको २ लाख ७५ हजार रुपैयाँ भुक्तानी गरेको छ।

पहिलो पटकको बोलपत्र आह्वान हुँदा ५ वटा कम्पनीले आवेदन दर्ता गराएका थिए। तर, प्राविधिक कारण देखाउँदै महानगरले उक्त बोलपत्र रद्द गरेको थियो । ट्र्याक्टर खरिदका लागि महानगरले दोस्रो पटक बोलपत्र आह्वान गर्दा एउटा मात्र कम्पनीले आवेदन दिएको थियो। त्यही कम्पनीबाट महानगरले ३ करोड ९२ लाखमा ३२ वटा ट्र्याक्टर र टेलर खरिद गरेको छ।

बजार मूल्य ६ लाख ६० हजार पर्ने ट्र्याक्टर महानगरले ३ लाख बढी मूल्यमा खरिद गरेको पाइएको छ । महानगरको यान्त्रिक शाखाका अनुसार फोहोर संकलनका लागि २४ एचपीको २४२ मोडलको आइचर कम्पनीको एक सिलिन्डरको ट्र्याक्टर खरिद गरिएको छ। महानगरले खरिद गरेको उक्त ट्र्याक्टर वीरगञ्ज भन्सार विन्दुमा जाँचपास भइसकेपछि ५ लाख ५१ हजार रुपैयाँ मूल्य पर्ने गरेको छ।



वीरगञ्ज भन्सार कार्यालयको तथ्यांकअनुसार भारतबाट आयात भएको उक्त मोडलको आइचर ट्र्याक्टरको मूल्य आयातकर्ताले ३ लाख १६ हजार ८ सय ३५ भारु घोषणा गरेका छन्। एउटा ट्र्याक्टरको भन्सार विन्दुसम्मको ढुवानी भाडा र बीमा गरी १३ हजार ७५ भारु उल्लेख गरिएको छ। आयातमा लाग्ने ५ प्रतिशत भन्सार महसुल दाखिला गरी आयातकर्ताले ३ लाख ४४ हजार ८८० भारु ( ५ लाख ५१ हजार रुपैयाँ ) मा ट्र्याक्टर जाँचपास गराएको भन्सारको तथ्यांकमा देखिन्छ।

ट्र्याक्टर खरिदका लागि महानगरपालिकाले पहिलो पटक गत असोज २६ मा बोलपत्र आह्वान गरेको थियो। ओमनी अटो मोबाइल्स, अर्थ आटोबिल्स, तुलस्यान ट्र्याक्टर, नेपाल ट्रेड एण्ड सर्भिस लिंक र खेसारी चन्द्र वणवालले आवेदन दर्ता गराएका थिए। बोलपत्र मूल्यांकन समितिले प्राविधिक कारणले सबैको आवेदन खारेज गरेको थियो। करिब ६ महिना पछि दोस्रो बोलपत्र आह्वान गरियो । एउटा मात्र, विना एग्रो इन्टरप्राइजेज प्रालिको आवेदन दर्ता भयो। मूल्यांकन समितिले उसकै बोलपत्र सदर गरेको थियो। विना एग्रो प्रालि पहिलो पटक बोलपत्र आह्वान हुँदा आवेदन दिएको थिएन।

महानगर स्रोतका अनुसार पहिलो बोलपत्रमा 'आर्थिक मिलेमतो' हुने सम्भावना नदेखिएपछि प्राविधिक कारण देखाएर रद्द गरिएको थियो। पहिलो बोलपत्रमा आवेदन दर्ता गराएका एक अटोमोबाइल व्यवसायीले महानगरले मिलेमतोमै ट्र्याक्टर खरिद गर्ने देखिएपछि दोस्रो पटकको बोलपत्रमा सहभागी नभएको प्रतिक्रिया दिएका छन्। 'आफू निकटका व्यवसायीलाई नै ट्र्याक्टरको ठेक्का दिने मनसाय बुझेपछि हामीले दोस्रो पटकको बोलपत्र खरिद नै गरेनौं,' उनले भने, 'पहिलो बोलपत्रमा न्यूनतम नाफा राखेर बोलपत्र आवेदन दर्ता गराएका थियौं।'

बोलपत्रमा ३ सिलिन्डरको ट्र्याक्टर माग हुँदा प्रति ट्र्याक्टर मूल्य १३ लाख २५ हजार राखिएको थियो भने दोस्रो पटक टेलरसहित १ सिलिन्डरको ट्र्याक्टरको बोलपत्र आह्वान गर्दा १२ लाख ५० हजार रुपैयाँ मूल्य राखिएका थियो। बिना एग्रोले टेलरसहित १२ लाख २५ हजार रुपैयाँमा दर्ता गराएको आवेदन स्वीकृत भएको छ। प्रति ट्र्याक्टरको ९ लाख ५० हजार र टेलरको २ लाख ७५ हजार रुपैयाँ बिना एग्रोले भुक्तानी लिएको छ।

६ लाख ६० हजार रुपैयाँसम्ममा पाइने एक सिलिन्डरको ट्र्याक्टर महानगरले किन ९ लाख ५० हजार रुपैयाँमा खरिद गरेको भन्ने प्रश्नमा यान्त्रिक शाखा प्रमुख मनोज कर्णले 'बजार मूल्य तलमाथि भइराख्ने र नगदमा खरिद गर्दा केही छुट पाइने हुनाले केही अन्तर देखिएको हुनसक्छ' भनि प्रतिक्रिया दिए। 'सबभन्दा सस्तो र इन्धन कम खपत हुने ट्र्याक्टर खरिद गरेका छौं,' उनले भने, 'कुनै प्रक्रिया लुकाएर गरेका छैनौं।' विना एग्रोका एकजना सेल्सम्यानले सर्वसाधारणले खरिद गर्दा र स्थानीय तहले खरिद गर्दा छुट्टाछुट्टै मूल्यको बिल बन्ने गरेको बताए। ती सेल्सम्यान भन्छन्, 'सर्वसाधारणले खरिद गर्दा कसैलाई कमिसन चाहिदैन। तर, जब पालिकाको लागि ट्र्याक्टर खरिद हुन्छ, त्यसमा हाकिम, लेखा, खरिद समिति, प्रमुख र उपप्रमुख सबैलाई कमिसन छुट्याएर बिल बनाउनुपर्छ।'

ट्र्याक्टर भारतबाट आयात गरी आपूर्ति गरेको बिना एग्रोले टेलर भने स्थानीय व्यवसायीबाटै बनाउन लगाई महानगरलाई उपलब्ध गराएको छ। व्यवसायीका अनुसार टेलरमा समेत बढीको बिल बनाएर चलखेल गरिएको छ। फोहोर संकलनका लागि बनाइएको ती टेलरहरुको बिलमा पनि प्रति टेलर ५० हजार रुपैयाँ बढी अनियमितता भएको छ।

आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस

हाल नेपालका विभिन्न जिल्लाहरुमा भाइरल कन्जंक्टिभाइटिस अर्थात् आँखा पाक्ने समस्या देखिएकोले सर्तक रहौं।

लक्षणहरु

• आँखा रातो हुने र चिलाउने
• आँखाबाट आँसु बगिरहने वा कचेरा/चिप्रा लाग्ने
• आँखाको ढकनी रातो हुने, सुन्निने
• आँखा बिझाउने/दुख्ने
• घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने



रोकथामका उपायहरु

भाइरल कन्जंक्टिभाइटिस (आँखा पाक्ने रोग) सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ। त्यसैले रोकथामका निम्न उपायहरु अपनाएर आँखा पाक्ने रोगबाट बचौं।

• संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने र संक्रमित व्यक्ति भिडभाडमा नजाने
• संक्रमित व्यक्तिले प्रयोग गरेका सामान जस्तै टावेल, रुमाल, सिरानी, तन्ना प्रयोग नगर्ने
• जथाभावी आँखा नछुने। आँखा छुनु परेमा छुनु अघि वा छोइसके पछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने
• व्यक्तिगत सरसफाइमा ध्यान दिने।

भाइरल कन्जंक्टिभाइटिस भइहाले अत्तिनु पर्दैन। यो रोग १ देखि २ हप्तामा आफैं निको हुन्छ। स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं।

महोत्तरी गाउँपालिका
महोत्तरी, मधेश प्रदेश, नेपाल

GENERATOR
EICHER
PARTNERING PROSPERITY

डिलर आवश्यकता



डिलर आवश्यकता स्थानः

जनकपुर र वीरगंज

विश्वभर बस, ट्रक तथा ट्रिपरका लागि लोकप्रिय ब्राण्ड EICHER को अर्को लोकप्रिय उत्पादन EICHER जेनेरेटरको बिक्रि वितरणका लागि माथि उल्लेखित स्थानहरूमा डिलर आवश्यकता रहेकोले इच्छुक व्यक्ति तथा व्यवसायीहरूले तल दिएको नम्बरमा सम्पर्क गर्नुहुन आह्वान गर्दछौं।



सम्पर्क नम्बर
९८०२३११५०५

टंगाल चोक-५, काठमाण्डौं, नेपाल | ०१ ४५२००२५/४५४१०३१

VE COMMERCIAL VEHICLES
A VOLVO GROUP AND EICHER MOTORS JOINT VENTURE
BATAS MAW COMMERCIAL VEHICLES

# शैक्षिक सामग्री सहयोग




**टुडे समाचारदाता**

रौतहट । हेफर इन्टरनेशनल नेपालले रौतहटको बतहु माध्यमिक विद्यालय हर्षाहामा अध्ययनरत विपन्न विद्यार्थीलाई विद्यालय पोशाक र शैक्षिक सामग्री वितरण गरिएको छ।

वृन्दावन नगरपालिका-६ हर्षाहा स्थित बतहु माध्यमिक विद्यालयका १५ जना विपन्न समुदायका छात्रालाई विद्यालय पोशाक र शैक्षिक सामग्री वितरण गरिएको हेफर इन्टरनेशनलले जनाएको छ।

मंगलवार विद्यालयमा आयोजित एक कार्यक्रमका बीच हेफर इन्टरनेशनलले सो विद्यालयको कक्षा ६ देखि १० सम्म अध्ययनरत अति गरिव एवं विपन्न समुदायका १५ जना छात्राहरुलाई प्रति छात्रा दुई/दुई थान विद्यालय पोशाक, एक/एक थान जुत्ता, ब्याग, कापी, पेन्सिल, डटपेन लगायत शैक्षिक सामग्री वितरण गरिएको छ।

वृन्दावन नगरपालिकाका नगर प्रमुख विनोद प्रसाद कुर्मीले विद्यार्थीहरुलाई उक्त पोशाक र शैक्षिक सामग्री वितरण गरेका छन्।

शैक्षिक सामग्री वितरण गर्दै नगर प्रमुख कुर्मीले शैक्षिक सामग्रीहरु निःशुल्क रुपमा पाएपछि न्यून आर्थिक अवस्था भएका परिवारका नानीहरुलाई पढाइमा सहयोग हुने बताएका थिए।

नगर भित्रका अन्य सामुदायिक विद्यालयहरुमा समेत आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुलाई पढाइमा सहयोग हुने उद्देश्यले छात्रवृत्ति, विद्यालय पोशाक र शैक्षिक सामग्री लगाएत वितरण गर्दै आएको र आगामी दिनमा समेत वितरण गर्ने योजना रहेको मेयर कुर्मीले बताए।

शिक्षामा गरिब तथा विपन्न परिवारका छोरा छोरीलाई पनि सहज पहुँच पुर्‍याउने लक्ष्यका साथ आफूले शिक्षालाई पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको उनले बताए। पैसाको अभावमा गुणस्तरीय शिक्षा पाउनबाट कसैले बञ्चित नहोस भन्ने उद्देश्यले आफूले गरिब तथा विपन्न समुदायका छात्रछात्राहरुलाई पढाइका लागि आवश्यक पर्ने सबै सामग्री सहयोग गर्न तयार रहेको मेयर कुर्मीले बताए।

विपन्न समुदायका बालबालिकालाईपढाइमा शैक्षिक सामग्री वितरण कार्यक्रमले लाभ पुग्ने उद्देश्यले उनीहरुलाई सामग्री सहयोग गरिएको हेफर इन्टरनेश्नल नेपालका कार्यक्रम संयोजक दिपेश पोखरेलले बताए।

कार्यक्रम संयोजक पोखरेलले सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत संस्थाले गरेका कामहरुका बारेमा जानकारी दिएका थिए।

# मधेश प्रदेशमा ८२.५८ प्रतिशत मात्र धान रोपाइँ

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशको ८ वटै जिल्लामा अहिले सम्म ८२.५८ प्रतिशत मात्र धान रोपाइँ भएको छ । गत आर्थिक वर्षमा यो अवधिमा ९७ प्रतिशत धान रोपाइँ भइसकेको थियो ।

मधेश प्रदेशका कृषि विकास निर्देशनालयका अनुसार यो वर्ष अहिलेसम्म सबैभन्दा बढी ९८ प्रतिशत धान रोपाइँ बारा जिल्लामा भएको छ भने सबैभन्दा कम महोत्तरीमा ६५ प्रतिशत धान रोपाइँ भएको छ।

बरामा धान रोपाइँ हुने कुल क्षेत्रफल ४६ हजार २० हेक्टर रहेकोमा त्यसमा हालसम्म ४५ हजार ९९.६ हेक्टरमा धान रोपाइँ भइसकेको निर्देशनालयले जनाएको छ । त्यसैगरी, पर्सामा धान रोपाइँ हुने कुल क्षेत्रफल ४७ हजार १ सय ३० रहेकोमा त्यसमा ४५ हजार ७ सय १६.१ हेक्टरमा अर्थात ९७ प्रतिशत धान रोपाइँ भइसकेको छ । रौतहटमा धान रोपाइँ हुने कुल क्षेत्रफल ३५ हजार हेक्टर रहेकोमा हालसम्म ३३ हजार ६ सय हेक्टर (९६ प्रतिशत), सर्लाहीमा धान रोपाइँ हुने कुल क्षेत्रफल ४६ हजार हेक्टर रहेकोमा त्यसमा ३३ हजार ६ सय ( ८० प्रतिशत) धनुषा जिल्लामा धान रोपाइँ हुने कुल क्षेत्रफल ५८ हजार हेक्टर रहेकोमा ४० हजार ६ सय हेक्टरमा धान (७०प्रतिशत) धान रोपाइँ भएको निर्देशनालयले जनाएको छ।

त्यसैगरी, सिरहामा धान रोपाइँ हुने कुल क्षेत्रफल ५४ हजार रहेकोमा त्यसमा ३७ हजार ८ सय हेक्टरम( ७० प्रतिशत) धान रोपाइँ भइसकेको छ। यो सिरहा जिल्लाको कुल धान रोपाइँको (७० प्रतिशत) र सप्तरीमा धान रोपाइँ हुने कुल क्षेत्रफल ६८ हजार रहेकोमा अहिलेसम्म ६१ हजार २ सय हेक्टर अर्थात (९० प्रतिशत) धान रोपाइँ भइसकेको निर्देशनालयको तथ्यांकमा उल्लेख छ। यसरी मधेश प्रदेशमा धान रोपाइँ हुने कुल क्षेत्रफल ४ लाख १ हजार ६ सय ५० हेक्टर रहेकोमा हाल सम्म ३ लाख ३१ हजार ६ सय ९०.७ हेक्टर(८२ दमहलव ५८ प्रतिशत) धान रोपाइँ भइसकेको कृषि विकास निर्देशनालयले जनाएको छ । यस वर्ष समयमा पानी नहुँदा धान ढिलाइ भएको निर्देशनालयका सुचना अधिकारी रामकलेश साहले जानकारी दिए।

# सीके राउत र भाजपा नेता चौथाइबालाबीच भेटवार्ता




**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले बुधबार भारतीय जनता पार्टीका विदेश विभाग प्रमुख डा.विजय चौथाईवालासँग भेटवार्ता गरेका छन् ।

दिल्लीमा रहेका अध्यक्ष राउतले भारतीय जनता पार्टीको कार्यालयमा गएर उनीसँग भेटवार्ता गरेको डा.राउतको सचिवालयले जनाएको छ । भेटमा दुई देश बीचको सम्बन्धलाई कसरी थप मजबुत बनाउने तथा पार्टी-पार्टी बीचको सम्बन्धलाई अझ बलियो बनाउने भन्ने विषयमा कुराकानी भएको राउतसँग भ्रमणमा रहेका उपाध्यक्ष दीपक साहले जानकारी दिए।

उनले भने, 'यो अफिसियल भिजिट हो, दुई देशको सम्बन्धका साथै पार्टी-पार्टी बीचको सम्बन्धलाई अझै बलियो कसरी बनाउने भन्ने विषयमा कुराकानी भएको हो ।' नेपाल-भारतको सम्बन्ध जनस्तरमा रहेकाले त्यसलाई अझै बलियो बनाउन दुवै पार्टीले आआफ्नो ठाउँबाट काम गर्ने विषयमा पनि कुराकानी भएको उनको भनाइ थियो ।

विदेश विभाग प्रमुख चौथाइबाबाहेक अरु कसैसँग औपचारिक भेटघाट नरहेको बताउँदै उनले पार्टी निकट व्यक्तिहरूसँग भेटघाट गरी बिहीबार नेपाल फर्किने बताए।

यसअघि प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणको तयारी चलिरहेको बेला उनी जेठ १३ गते दिल्ली पुगेका थिए। त्यति बेला पनि चौथाइवालासँग भेटघाट गेरर फर्केका थिए।

पछिल्लो समय जनमत पार्टीले भारतीय पक्षसँग सम्बन्ध बलियो बनाएको बताइएको छ ।

सङ्घीय सरकारदेखि मधेश प्रदेश र लुम्बिनी प्रदेश सरकारमा सहभागी रहेको जनमत पार्टी सङ्घीय सरकारमा एउटा मन्त्रालय पाएको छ । पछिल्लो राजनीतिमा जनमत पार्टीका अध्यक्ष सीके राउतले आफ्नो छुट्टै पहिचान बनाउन सफल भएका छन् ।

# मानव जीवनका लागि पराभौतिक विज्ञान आवश्यक छ : डा जेपी अग्रवाल

काठमाण्डु। आध्यात्मिक चिन्तक तथा न्युरोलोजिष्ट डा जयप्रकाश अग्रवालले कुनै पनि विषयका कुरा सुन्नु, सुनेका कुरालाई बुझ्नु, बुझेका कुरालाई मनन गर्नु र मनन गरेका कुरालाई व्यवहारमा उतार्न सकेमात्र त्यो विषय आफ्नो जीवनका लागि सार्थक हुने बताउनुभएको छ।

त्रिभुवन विश्वविद्यालय, आर्थिक विभागद्वारा बुधबार कीर्तिपुरमा आयोजित प्रवचन कार्यक्रममा उहाँले मानव जीवनलाई सार्थक बनाउन, जीवनभर सुख, शान्ति र सन्तुष्टिका लागि भौतिक ज्ञानका साथै आध्यात्मिक ज्ञान हुनुपर्ने आश्यकता औँल्याउनुभयो । "अपरा विज्ञान (भौतिक विज्ञान)ले थुप्रै आविष्कार गरेको छ, सुख तथा सुविधा उपलब्ध गराएको छ आर्थिकरूपले सम्पन्न पनि गराएको छ तर अपरा विज्ञान (मेटाफिजिकल साइन्स) को ज्ञानको अभावमा सबै सुख तथा सुविधा भएर पनि मानसिकरूपले सन्तुष्टि दिलाउन नसक्दा आत्महत्या गर्ने तथा निरास हुनेजस्ता घटना समाजमा विद्यमान देखिन्छ," डा अग्रवालले भन्नुभयो, "धर्मशास्त्र वेदमा उल्लिखित परा विज्ञान र अपरा विज्ञानमध्ये अपरा विज्ञानलाई मात्र अवलम्बन गरिएकाले मानिसमा सुख तथा शान्तिको अभाव भएको हो।"

शरीरबाहिर प्रकाश र ध्वनि भए झैँ हाम्रो शरीरभित्र पनि प्रकाश र ध्वनि छ त्यसलाई अनुभूति गर्न सक्नुपर्छ भन्दै उहाँले

> "जन्मेपछि चार वर्षसम्म बालकमा डेल्टा वेभ, चारदेखि आठ वर्षसम्म ठिटा वेभ, आठदेखि १२ वर्षसम्म अल्फा वेभ रहने, १२ वर्षदेखि माथि बिटा वेभ रहने भएको र बिटा वेभका कारण विकासको क्रमसंगै मानिसको मन भड्किरहने र अशान्ति पैदा हुने भएकाले मनलाई नियन्त्रण गर्न वा डेल्टाकै स्थितिमा पुग्न ध्यान गर्नुपर्छ।"

आमाको गर्भमा रहेको बालकले पनि सात महिनादेखि त्यो ध्वनि र प्रकाशको ध्यान गरिरहेको हुन्छ तर पृथ्वीमा आएपछि यो क्रम रोकिने उल्लेख गर्नुभयो । बालकमा सक्रिय भएको दायाँ दिमागको क्षमता पनि १२ वर्षको उमेरपछि निष्क्रिय हुने र बायाँ दिमाग भने जन्मेदेखि नै सक्रिय हुँदै जाने भएकाले १२ वर्षको उमेरपछि उपनयन (तेस्रो आँखा खुलाउने संस्कार) गरेर दाहिने दिमागलाई पुनः सक्रिय गराउने प्रचलन रहेको डा अग्रवालको भनाइ थियो।

उहाँले भन्नुभयो, "जन्मेपछि चार वर्षसम्म बालकमा डेल्टा वेभ, चारदेखि आठ वर्षसम्म ठिटा वेभ, आठदेखि १२ वर्षसम्म अल्फा वेभ रहने, १२ वर्षदेखि माथि बिटा वेभ रहने भएको र बिटा वेभका कारण विकासको क्रमसँगै मानिसको मन भड्किरहने र अशान्ति पैदा हुने भएकाले मनलाई नियन्त्रण गर्न वा डेल्टाकै स्थितिमा पुग्न ध्यान गर्नुपर्छ।"

त्रिविवि आर्थिक विभाग प्रमुख डा शिव अधिकारीले समाजलाई खण्ड खण्ड गरेर हेर्नुभन्दा समग्ररूपमा हेरिनुपर्नेमा चर्चा गर्दै भौतिक विज्ञान र आध्यात्मिक विज्ञान दुवै मानव जीवनका दुई खुट्टा भएकाले सँगसँगै प्रयोग गरेर जानुपर्ने आवश्यकता औँल्याउनुभयो।

पाटन संयुक्त क्याम्पसका प्राध्यापक बैकुण्ठ पाण्डेले कपितपय व्यक्तिले पूर्वजन्मदेखिको वा परम्परागत संस्कार लिएर आएको हुन्छ भने केही व्यक्तिले परिस्थितिअनुसार आफूलाई परिर्वत गरेर नयाँ संस्कार अवलम्बन गर्ने गरेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "यस्तै परि स्थितिले आफूलाई पनि परिवर्तित बाटोमा हिँड्ने अवसर मिलेको छ।"

मानव धर्म सेवा समितिका युवा संयोजक उत्तम गिरीले आध्यात्मिक ज्ञानको अभावमा उच्च शिक्षा अध्ययन गरेका कतिपय युवा पतनको बाटोतिर गइरहेको पाइएको छ भन्नुभयो । उहाँले भौतिक ज्ञानका साथै आध्यात्मिक ज्ञानमार्फत प्रत्येक व्यक्तिले आफूलाई परिवर्तन गराउन सके भावी पुस्ताका लागि मार्ग प्रशस्त हुनेमा जोड दिनुभयो। रासस

# अर्को महिना आयोग गठन हुन्छः लेखक



काठमाण्डु। नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले सुन तस्करीका विषयमा छानबिन गर्न आगामी असोज ५ गते सरकारका तर्फबाट उच्चस्तरीय आयोग गठन हुने बताउनुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बुधबार बसेको राष्ट्रिय मान्यता प्राप्त दलहरूको बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै नेता लेखकले जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम उक्त आयोग गठन हुने जानकारी दिनुभयो।

उहाँले यसअघि भएका सबै खालका सुन तस्करीको विषयमा सो आयोगले छानबिन गर्ने बताउनुभयो । कानुनी रूपमा कुनै कमजोरी रहेको वा सुधार गर्नुपर्ने विषय भए त्यसका बारेमा समेत आयोगले सरकारलाई सुझाव दिने उहाँको भनाइ थियो।

उहाँले बुधबारको सहमतिपछि अब सङ्घीय संसद्को दुवै सदनको बैठक नियमित रूपमा सञ्चालन हुने जानकारी दिनुभयो।

नेकपा (एमाले)का प्रमुख सचेतक पदम गिरीले आफूहरूले नियमित रूपमा उठाइरहेको उच्चस्तरीय छानबिन आयोगको गठनको माग सम्बोधन भएको बताउनुभयो । उहाँले आयोग गठनपछि विगतका सबै खालका सुन तस्करीका विषयमा छानबिन हुने प्रतिक्रिया पनि दिनुभयो । रासस

# अब प्रेस प्रतिनिधि प्रमाणपत्रको अवधि तीन वर्ष हुने

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना तथा प्रसारण विभागले जारी गर्ने प्रेस प्रतिनिधि प्रमाणपत्रको अवधि अब तीन वर्षको हुने भएको छ।

यसअघि यो प्रमाणपत्रको अवधि एक वर्षको हुँदा राजधानीभन्दा बाहिरका पत्रकारलाई समस्या पर्दै आएको थियो। विभागबाट जारी भएका प्रेस प्रतिनिधि प्रमाणपत्र एक वर्षको अवधिका लागि कायम रहने र प्रत्येक वर्ष नवीकरण हुने गरेकोमा अब स्थायी र स्वतन्त्र पत्रकारका हकमा प्रेस प्रतिनिधि प्रमाणपत्रको अवधि तीन वर्ष कायम गरिने विभागका प्रवक्ता भरत गौतम जानकारी दिनुभयो । अस्थायी प्रमाणपत्रको हकमा भने साविककै व्यवस्था निरन्तर रहने उहाँले जानकारी दिनुभयो।

कानूनमा प्रमाणपत्रको अवधि तीन वर्ष भए पनि विभागले एक वर्षभित्र नवीकरण नगरे पुरानो परिचयपत्र खारेज गर्ने गरेको पत्रकारको गुनासो आएपछि सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले यसमा चासो देखाउनुभएको थियो। "हामीलाई खासगरी राजधानी बाहिरका पत्रकार साथीहरूबाट यो गुनासो आएपछि विभागसँग चासो राखेका थियौँ, विभागले तत्काल पहल गरेर नयाँ निर्णय गरेपछि प्रेस प्रतिनिधि प्रमाणपत्र अवधि थपिएको छ", सञ्चार तथा सूचना प्रविधिमन्त्रीका सञ्चार विज्ञ नरेन्द्र केसीले भन्नुभयो।

उहाँका अनुसार छापाखाना र प्रकाशनसम्बन्धी नियमावली, २०४९ को ११(१) मा प्रमाणपत्रको अवधि तीन वर्षको हुने उल्लेख भए पनि अभ्यासमा एक वर्षमै नवीकरण गर्ने प्रचलन रहेकाले त्यसमा सुधार गरेर नियमावलीअनुसार तीन आर्थिक वर्ष नै अवधि बनाउने निर्णयमा विभाग पुगेको हो।

त्यस्तै स्वतन्त्र पत्रकारको परिचयपत्रप्राप्ति र नवीकरणका सवालमा पनि गुनासो आएकाले यसमा पनि सुधारका लागि प्रयास थालिएको उहाँले जानकारी दिनुभयो। "लामो समयसम्म पत्रकारितामा लागिरहेका अग्रजले स्वतन्त्र पत्रकार परिचयपत्र पाउने र नवीकरण गर्ने सवालमा असजिलो भयो भन्ने गुनासो गरिरहनुभएको छ", केसीले भन्नुभयो, "यसलाई सहज बनाउन के गर्न सकिन्छ, छलफल भइरहेको छ, यसमा पनि विभागले गृहकार्य गरिरहेको छ।"

त्यस्तै विभागले एफएम रेडियो इजाजत/लाइसेन्स प्रतिलिपि पनि अनलाइनमै पाउने व्यवस्था गरेको छ। विभागको वेबसाइटको 'अन्य' बाट प्रवेश गरेर निवेदन दिई सोको निर्णयपश्चात् विभागबाट निवेदकको सम्बन्धित जिल्ला हुलाक कार्यालयमा सो प्रतिलिपि पठाइने व्यवस्था मिलाइएको विभागका प्रवक्ता गौतमले जानकारी दिनुभयो। रासस

**विमालेख हरायो**

मेरो निम्न ब्यहोरा भएको नेपाल लाइफ इन्स्योरेन्स क.लि.को विमा लेख मिति २०८०/४/२ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : राम ईश्वर लहेरी**
**विमालेख नं.:१०४०३०४१५**
**ठेगाना: जि.म.गा.वि.स.रतौली-७**
**हाल : पिपरा गा.पा.-६, महोत्तरी**
**मो.नं.९८०४८०८३३८**

# झापामा करेन्ट लागेर श्रीमानको मृत्यु, श्रीमती घाइते

झापा । अर्जुनधारा नगरपालिका-९ निवासी एक युवाको आज दिउँसो करेन्ट लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

बस्तुलाई कुटी काट्ने मेसिनबाट अचानक श्रीमती २२ वर्षीया ममता रेग्मीलाई करेन्ट लागेपछि बचाउन खोज्दा २४ वर्षीय अमृत रेग्मीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता खगेन्द्र रिजालले बताउनुभयो।

उहाँका अनुसार ममतालाई करेन्ट लागेपछि बचाउन खोज्दा उहाँलाई पनि करेन्ट लागेको थियो । करेन्ट लागेर घाइते हुनुभएका दुवैलाई उपचारका लागि शनिश्चरेस्थित शङ्कर अस्पताल लैजाँदै गर्दा अमृतको बाटैमा मृत्यु भएको उहाँको भनाइ छ।

ममताको अवस्था मध्यम रहेको र हाल बिर्तामोडस्थित बीएण्डसी अस्पतालमा उपचार भइरहेको छ। अमृतको शवलाई कानूनी प्रक्रिया पूरा गरी शव परीक्षणका लागि मेची प्रादेशिक अस्पताल भद्रपुर पठाइएको प्रहरीले जनाएको छ।

इलाम नगरपालिका-२ स्थायी घर भएका रेग्मी परिवार केही समयदेखि अस्थायीरूपमा अर्जुनधारा-९ कटहरडाँडामा बसोबास गर्दै आउनुभएको थियो। रासस

# सभापति देउवाद्वारा भारतलाई बधाई

काठमाण्डु । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले भारतको चन्द्रयान-३ चन्द्रमामा अवतरण गर्न सफल भएपछि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र त्यहाँका जनतालाई बधाई दिनुभएको छ।

भारतले चन्द्रयान-३ चन्द्रमामा अवतरण गराउन सफल भएलगत्तै पूर्वप्रधानमन्त्री सभापति देउवाले सामाजिक सञ्जालमार्फत बधाई दिनुभएको हो।

भारतले अन्तरिक्षमा पठाएको मानवरहित यान बुधबार साँझ ६ बजे चन्द्रमामा अवतरण गरेको छ । उहाँले भन्नुभएको छ, "चन्द्रयान-३ को सफल अवतरणका लागि प्रधानमन्त्री मोदी र भारतका जनतालाई बधाई ! अन्तरिक्ष क्षेत्रमा भारतले गरेको यो उल्लेखनीय प्रगति हो । हामी इसोराका वैज्ञानिकको उत्कृष्ट कामको प्रशंसा गर्दछौं।" रासस


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ। |
| बृष | : प्रतिभा सम्पन्नता। |
| मिथून | : शिक्षामा उन्नति। |
| कर्कट | : पारिवाहिक सुख। |
| सिंह | : भ्रमण अवसर हुने। |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख। |
| तुला | : वाद विवादबाट बच्नु। |
| वृश्चिक | : सुख समृद्धि हुने। |
| धनु | : अवसर प्राप्त। |
| मकर | : नयाँ कार्य हुने। |
| कुम्भ | : बौद्धिक क्षमता। |
| मीन | : धन बृद्धि सञ्चय। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# अझै अघि बढेन मेडिकल कलेज निर्माण प्रक्रिया

महोत्तरी । लामो समयदेखि अल्झेको बर्दिवास मेडिकल कलेजको पूर्वाधार निर्माणको प्रक्रिया अघि नबढ्दा यहाँ निराशा बढेको छ । कलेज निर्माण रोक्न परेको रिट सर्वोच्च अदालतले गत जेठ अन्तिम साता नै खारेज गरे पनि पूर्वाधार निर्माणको काममा प्रक्रिया अघि नबढेपछि महोत्तरीसहित मधेसका जिल्लाहरूमा निराशा बढेको हो ।

"खै सर्वोच्च अदालतमा रिट परेर काम अघि नबढेको भनिन्थ्यो, अब त सर्वोच्चले पनि रिट खारेज गरेर निर्माण प्रक्रिया अघि बढाउन बाटो खोलिदियो, तर कुरो अड्केको अड्क्यै छ", बर्दिबास-२ का बासिन्दा नेपाली कांग्रेसका महोत्तरी-१ का क्षेत्रीय अध्यक्ष महेशकुमार झा भन्नुहुन्छ, "अब प्रक्रिया अघि बढ्न केले दिएन, त्यो पनि थाहा भएन ।" झा कलेज निर्माणका लागि नेपाल सरकारले गठन गरेको जग्गा छनोट सिफारिस समितिको सदस्य पनि हुनुहुन्छ ।

झामात्र नभएर महोत्तरीको बर्दिवास भेगका आम सर्वसाधारण पनि कलेज पूर्वाधार निर्माणको प्रक्रियाले गति नलिँदा चासो बढाउँदै छन् । मेडिकल कलेजले चिकित्सा क्षेत्रको दक्ष जनशक्ति तयार गर्नेमात्र नभई ठाउँको विकासमा प्रभाव पार्ने हुँदा महोत्तरीमा अहिले यसबारे चासो बढेको हो । कलेज निर्माणको कुराले व्यापारिक र अन्य कारोबार पनि बढाउने हुँदा आम सर्वसाधारणले पनि चासो देखाएका हुन् । "कलेज निर्माणको कुरा बढे योसँगै जोडिएर कैयन सम्भावना बढ्थे, उद्योगधन्दा, सहरी विकास र रोजगार प्रवर्द्धनका पक्ष पनि फराकिलो बन्दै जाने थियो", बर्दिवास उद्योग वाणिज्य सङ्घका अध्यक्ष विष्णु खड्का भन्नुहुन्छ, "कैयौँ उद्योगीले कलेज निर्माणको कुरासँग जोडेर बुनेका सपना यो प्रक्रिया अघि नबढ्दा चिन्तित छन् ।"

कलेज निर्माण रोक्न भन्दै २०७८ माघमा दर्ता भएको रिट सर्वोच्च अदालतले गत जेठ २९ गते खारेज गरेको हो । रिट खारेज गर्दै अदालतले प्रस्तावित जग्गामा भएका रूख कटान गर्नअघि बर्दिवास मेडिकल कलेज पूर्वाधार विकास आयोजनाले काटिनेभन्दा दोब्बर सङ्ख्या बढी रूखका बिरुवा रोपण गर्ने, पाँच वर्षसम्म संरक्षण गर्ने र रोपिएका बिरुवाको वन तथा वातावरण मन्त्रालयबाट नियमित अनुगमनको सुनिश्चितता गर्न स्पष्ट निर्देश गरेको छ ।

अदालतले रिट खारेजमात्र नगरेर निर्माण कार्य अघि बढाउन गरिनुपर्ने कामबारे स्पष्ट निर्देश गरेको हुँदा आयोजनाको काम अघि बढ्न बाटो खुले पनि रिट दर्ताअघिका अघि बढ्नुपर्ने प्रक्रिया अझै जहाँको त्यहीँ अड्केका यस मुद्दाको बहसमा सहभागी अधिवक्ता टीकाध्वज खड्का बताउनुहुन्छ । "अदालतले त निर्माण कार्य अघि बढोस् नै भन्न चाहेको छ, त्यसैले रिट खारेज गर्दै निर्माण थालिनुपूर्व गरिनुपर्ने कामबारे आदेशमा स्पष्ट पारेको छ", अधिवक्ता




खड्का भन्नुहुन्छ, "अब आयोजना र यससँग सम्बद्ध निकायले अदालतको आदेश पूर्ण परिपालनाको सुनिश्चितता देखाएर प्रक्रिया अघि बढाउनु पर्छ ।"

यसका लागि आयोजना, बर्दिवास नगरपालिका, यहाँका शैक्षिक तथा सामाजिक सङ्घसंस्थाहरू र आम नागरिक समाजले अदालती आदेशअनुसारको कार्य तत्काल बढाउनुपर्ने धनुषा जिल्लाको मिथिला नगरपालिका-१० का वडाध्यक्ष सविनविक्रम थापा बताउनुहुन्छ । "अदालतले यो यो काम गर भनेकै छ, त्यसअनुसार सम्बद्ध पक्ष अघि बढे त हुन्छ नि !", थापा भन्नुहुन्छ ।

यता बर्दिबास नगरपालिकाले कलेजका पूर्वाधार निर्माण गर्दा काटिन सक्ने रूखका कारण पर्यावरणमा पर्नसक्ने प्रतिकूल असर रोक्न २०७८ देखि नै वृक्षरोपण अभियान थालिएको जनाएको छ । २०७८ को वर्षायाम (साउन/भदौ) मा नै नगर क्षेत्रका विभिन्न ठाउँमा ३० हजार नयाँ बिरुवा रोपण गरिएकामा १५ हजार हाराहारीका बिरुवा राम्ररी सरेका छन् । त्यसको गोडमेल, पुनःरोपण, आवश्यक मल र सिँचाइ सुविधाका लागि आवश्यक प्रबन्ध र जनशक्ति व्यवस्थापन गरिएको बर्दिवास नगरप्रमुख प्रल्हादकुमार क्षत्री बताउनुहुन्छ ।

"नगरपालिकाले कलेज निर्माण गरिँदा काटिनसक्ने रूखको परिपूर्तिका लागि २०७८ देखि नै वृक्षरोपण थालेको छ", क्षत्री भन्नुहुन्छ, "अहिले अदालतले यसै आशयको आदेशसमेत गरेको छ, हामी सो आदेशको पूर्ण परिपालना गरेर अघि बढ्दैछौँ ।" नगरप्रमुख क्षत्रीका अनुसार रोपिने बिरुवा ब्याडमा तयार हुँदैछन्, यो बर्खाकालको अन्त्यसम्म नगरक्षेत्रमा ४० हजार नयाँ बिरुवा रापिनेछ । यसअघिका र अब रोपिनेसहित कम्तीमा ५० हजार नयाँ बिरुवा हुर्काएर डिभिजन वन कार्यालय महोत्तरीलाई जिम्मा लगाइने छ ।

यसैबीच बर्दिवास मेडिकल कलेज पूर्वाधार विकास आयोजना कार्यालयका निर्देशक देवीप्रसाद सुवेदी सर्वोच्चको आदेशको निर्देशनअनुसारका काम अघि बढाउन सम्बद्ध पक्षहरूसँग छलफल र निर्माण कार्य थालिनुपूर्वका अन्य प्रक्रियागत काम थालिएको बताउनुहुन्छ । "सर्वोच्चमा रिट पर्नअघि प्रक्रिया जहाँ पुगेर अड्केको थियो, अब त्यहीँबाट प्रारम्भ गर्नपर्छ", सुवेदी भन्नुहुन्छ, "यसबाहेक अहिले अदालतले थप निर्देश गरेका विषय सम्बोधन गर्दै हामी अघि बढ्दैछौँ ।" रिट पर्नुअघि प्रस्तावित जग्गाको भोगाधिकार प्रस्ताव वन तथा वातावरण मन्त्रालयमा पुगेको र अब सो भोगाधिकार प्राप्त गरेर अन्य प्रक्रिया अघि बढ्ने सुवेदीले जानकारी दिनुभयो । उहाँ भन्नुहुन्छ, "आयोजना र बर्दिबास नगरपालिकाले अदालतको आदेशअनुसारका काम अघि बढेका जनाउ दिइसकेका छन् ।" हालसम्मका भएका काम र अबका कामबारे आयोजनाले सरोकारवालाहरूबीच भएका छलफलमा स्पष्ट पार्दिँदै आइएको जनाएको छ । "आयोजनाको काम बढाउन अब जग्गा भोगाधिकारको प्रक्रिया टुङ्गिन पर्छ, जग्गाको भोगाधिकारसम्बन्धी फाइल वन तथा वातावरण मन्त्रालयबाट टुङ्गिएर विस्तृत परियोजना प्रतिवेदन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएपछि काम अघि बढ्ने बाटो खुल्नेछन्", निर्देशक सुवेदीले भन्नुभयो । त्यसपछि बजेट व्यवस्थापनको पक्ष महत्वपूर्ण हुने सुवेदी बताउनुहुन्छ । अहिलेसम्म एक हजार शयूयाको अस्पतालसहित कलेजको पूर्वाधार निर्माण गर्न रु २८ अर्ब ५४ करोड बजेट चाहिने आयोजना प्रस्तावमा उल्लेख छ ।

> एक हजार शय्याको आधुनिक प्रविधिको साधन सुविधायुक्त अस्पतालसहितको कलेजको पूर्वाधार निर्माणमा रु २८ अर्ब ५४ करोड लागत लाग्ने विस्तृत परियोजना प्रतिवेदनको हालसम्मको अध्ययनले देखाएको छ । हालसम्म यस आयोजनामा रु छ करोडभन्दा बढी खर्च भइसकेको छ । कलेजको पूर्वाधार निर्माणमा अहिले जग्गा प्राप्तिको विषय नटुङ्गिँदा थप काम अघि बढ्न सकेको छैन । यो विषयले गति लिनासाथ पूर्वाधार निर्माणको विषयले प्रवेश पाउने र यससम्बन्धी प्रक्रिया अघि बढ्ने आयोजना कार्यालयले जनाएको छ ।

बर्दिवास-४ माईस्थानको अटाबे खोल्सी पूर्व र भब्सीखोला पश्चिमको ५४. ५८४ हेक्टर क्षेत्रफलभित्र कलेज निर्माणका लागि प्रस्ताव गरिएको वन क्षेत्रको जग्गामा सानाठूला गरी हाल एक हजार नौ सय ६७ रूख छन् । निर्माण गरिने संरचना धेरैजसो भब्सी नदी उकास क्षेत्रमा पारिने हुँदा प्रस्तावित क्षेत्रमा रहेका रूख पनि सबै नकाटिने आयोजना निर्देशक सुवेदी बताउनुहुन्छ । "प्रस्तावित क्षेत्रमा साना-ठूला गरी एक हजार नौ सय ६७ रूख गणना भएको छ, त्यसमा पनि आधाभन्दा कम रूख काटिने गरी काम गरिने स्पष्ट पारिएको छ", सुवेदीले भन्नुभयो ।

नेपाल सरकारको आर्थिक वर्ष २०७३/७४ को नीति तथा कार्यक्रममा समावेश भई मुलुकका सातवटै प्रदेशमा एक/एकवटा मेडिकल कलेज स्थापना गर्ने अवधारणाअनुसार मधेस प्रदेशमा बर्दिवास मेडिकल कलेज निर्माणको कुराले औपचारिकता पाएर तदनुरुप काम अघि बढेको हो । जग्गा छनोट सिफारिस समितिको सिफारिसअनुसार जग्गा छनोट, जग्गाको विस्तृत सर्वेक्षणसहित कलेजको गुरुयोजना, निर्माणस्थलको माटो परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) सहितका प्राविधिक पक्षका काम सम्पन्न भएका छन् । अब वन तथा वातावरण मन्त्रालयबाट जग्गाको भोगाधिकार र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट विस्तृत परियोजना प्रतिवेदन स्वीकृत भएर बजेट व्यवस्थापन गरिएपछि पूर्वाधार निर्माणको कामले गति लिने बताइएको छ ।

कलेजका लागि प्रारम्भमा एक सय एक हेक्टर क्षेत्रफलको वन क्षेत्र प्रस्ताव गरिए पनि पर्यावरणीय पक्षलाई आत्मसात् गरी विज्ञहरूको सल्लाहमा ५४.५८४ क्षेत्रफलमा झारिएको हो । भब्सी नदी पश्चिमी किनारमा आवागमनको पक्की (कालोपत्र) सहितको तटबन्ध निर्माण गरी भूक्षय रोकिने, कमसेकम रूख काटिने गरी पूर्वाधार निर्माण गरिने, पूर्वाधार निर्माण क्षेत्रमा हरित पार्क बनाइने र मिथिला संस्कृति झल्कने सङ्ग्रहालयसहित जैविक विविधता संरक्षण गरिने आयोजना प्रस्तावनाको प्रतिबद्धता छ ।

मेडिकल कलेज बर्दिवासको मात्र नभएर मधेस प्रदेशकै राष्ट्रिय महत्वको आयोजना भएको हुँदा यसमा देखिएका सानातिना अड्चनको समाधान गर्दै अघि बढ्नुपर्ने यहाँका बुद्धिजीवीहरू बताउँछन् । "प्रत्येकजसो विकास निर्माणका काममा केही गतिरोध आउँछन्, तर अब शिक्षाको ज्योति छर्ने यो प्रस्तावले गति लिने विश्वास जागेको छ", बर्दिवास जनता बहुमुखी क्याम्पसको प्राज्ञसभाका अध्यक्ष भरत हमाल भन्नुहुन्छ, "केन्द्र, प्रदेश र स्थानीय तहका राजनीतिक नेतृत्वले दूरदर्शी सोचका साथ यो प्रस्ताव अघि बढाउन संयुक्त पहलकदमी लिउँन् ।"

एक हजार शयूयाको आधुनिक प्रविधिको साधन सुविधायुक्त अस्पतालसहितको कलेजको पूर्वाधार निर्माणमा रु २८ अर्ब ५४ करोड लागत लाग्ने विस्तृत परियोजना प्रतिवेदनको हालसम्मको अध्ययनले देखाएको छ । हालसम्म यस आयोजनामा रु छ करोडभन्दा बढी खर्च भइसकेको छ । कलेजको पूर्वाधार निर्माणमा अहिले जग्गा प्राप्तिको विषय नटुङ्गिँदा थप काम अघि बढ्न सकेको छैन । यो विषयले गति लिनासाथ पूर्वाधार निर्माणको विषयले प्रवेश पाउने र यससम्बन्धी प्रक्रिया अघि बढ्ने आयोजना कार्यालयले जनाएको छ । रासस

# चिकित्सा शिक्षा ऐन तथा नियमावली संशोधन गर्न माग

काठमाण्डु । निजी प्राविधिक शिक्षालय सञ्चालकले चिकित्सा शिक्षा ऐन तथा नियमावलीमा भएको केही प्रावधानलाई संशोधन गर्न माग राखेका छन् । सो ऐन तथा नियमावली एवं चिकित्सा शिक्षासँग सम्बन्धित समस्या सम्बोधन हुनुपर्ने माग गर्दै उनीहरू धर्नामा समेत बस्दै आएका छन् ।

ती मागको विषयमा सरकारसँग पटक पटक छलफल भए पनि सहमति भने हालसम्म भएको छैन । चिकित्सा शिक्षा ऐन तथा नियमावलीलाई संशोधन गर्नुपर्ने, नर्सिङ शिक्षामा देखिएको समस्या समाधान गर्नुपर्ने, नर्सिङ कलेज सञ्चालनका लागि एक सय शय्याको अस्पताल हुनुपर्ने व्यवस्थामा परिमार्जन गर्नुपर्ने लगायतको मुख्य माग उनीहरूको रहेको छ ।

सो ऐन तथा नियमावलीमा भएको व्यवस्थाले मुलुकभरका केही नर्सिङ तथा अन्य शैक्षिक संस्था बन्द हुँदा अर्बौं रुपैयाँ लगानी डुबेको आन्दोलरत शिक्षालय सञ्चालकको भनाइ छ ।

विगतमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) अन्तर्गत सञ्चालनमा रहेका शिक्षालयलाई चिकित्सा शिक्षा ऐन तथा नियमावलीले अप्ठ्यारोमा पारेको सङ्घर्ष समितिका संयोजक निर्मल सापकोटाले जानकारी दिनुभयो । चिकित्सा शिक्षा ऐन २०७५ सालमा जारी भएको थियो । सोही ऐनका आधारमा २०७८ सालमा नियमावली आएको थियो । सो ऐनमा स्नातक तहको नर्सिङ कार्यक्रम सञ्चालन गर्ने शिक्षालयको दुई वर्षभित्र एक सय शय्याको आफ्नै अस्पताल हुनुपर्ने व्यवस्थागरिएको छ ।

उक्त ऐन आउनुअघि नर्सिङ कलेजलाई एक सय शय्याको आफ्नै अस्पताल नभए पनि अन्य अस्पतालसँग सम्झौता गरेर पठनपाठन सञ्चालन गर्न सकिने प्रावधान थियो । उक्त व्यवस्था कार्यान्वयन गर्न कठिन हुने उहाँले बताउनुभयो ।

नियमावली कार्यान्वयनमा आएपछि मुलुकभरका दुई सय २८ शिक्षालय बन्द भइसकेको संयोजक सापकोटाले जानकारी दिनुभयो । "चिकित्सा शिक्षा आयोगले तोकेको शुल्कका आधारमा औसत शुल्क प्रतिविद्यार्थी रु पाँच लाख ४३ हजारका दरले हिसाब गर्दा वार्षिक रु ७२ करोड ५४ लाख ४८ हजार बराबरको छात्रवृत्ति खेर गएको छ," उहाँले भन्नुभयो, "शैक्षिक संस्था बन्द हुँदा करिब रु १५ अर्ब लगानी डुबेको छ । सात हजारभन्दा बढी शिक्षक र कर्मचारीले रोजगारी गुमाएका छन् ।" विगतमा सिटिइभिटी ऐनअनुसार सञ्चालन भइरहेका यी शिक्षालय सञ्चालनका लागि राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ ले नयाँ व्यवस्था गरेपछि समस्या परेको सङ्घर्ष समितिका संयोजक सापकोटाले जानकारी दिनुभयो । रासस

# निःशुल्क कृत्रिम हातखुट्टा प्रत्यारोपण शिविर

लहान । सिरहाको लहानमा अपाङ्गता भएका व्यक्तिका लागि निःशुल्क रूपमा कृत्रिम हातखुट्टा प्रत्यारोपण शिविर सञ्चालन हुने भएको छ । यही भदौ २४ गते लहान-७ स्थित मारवाडी सेवा सदनमा कृत्रिम अङ्ग प्रत्यारोपणका लागि नापजाँच शिविर सञ्चालन गरिने राष्ट्रिय मारवाडी युवा मञ्चले जनाएको छ ।

सामाजिक उत्तरदायित्वस्वरुप यस प्रकारको कार्यक्रम सञ्चानल गर्न लागिएको मञ्चका अध्यक्ष राहुल सार्दाले बताउनुभयो । 'सेवा नै धर्म हो' भन्ने भावनाले समयसमयमा सामाजिक क्षेत्रमा काम गर्दै आएका उहाँले बताउनुभयो । "पहिलो पटक अपाङ्गता भएका व्यक्तिहरूका लागि शिविर सञ्चालन गर्दैछौँ", सार्दाले भन्नुभयो, "के कस्तो प्रतिक्रिया आउँछ, हेरेर आगामी वर्षहरूमा निरन्तरता दिनेछौँ ।"

उहाँका अनुसार शिविरमा नारायण सेवा संस्थानबाट आएका प्रतिनिधिले शारीरिक रूपमा अस्वस्थ (हातखुट्टा नभएका) व्यक्तिको कृत्रिम अङ्ग निर्माण तथा प्रत्यारोपणका लागि नापजाँच गर्ने छन् । "नापजाँच पछि छिमेकी राष्ट्र भारतमा कृत्रिम अङ्ग निर्माण हुनेछ", सार्दाले भन्नुभयो, "त्यसका लागि डेढ-दुई महिना लाग्नेछ । कृत्रिम अङ्ग निर्माणपश्चात् प्रत्यारोपणको तयारी गरिने छ ।"

उक्त शिविरमा करिब दुई सय अपाङ्गता भएका व्यक्तिले लाभ लिन सक्ने अनुमान गरिएको आयोजकले जनाएको छ । यस कार्यबाट शारीरिक रूपमा हातखुट्टा नभएका व्यक्तिलाई राहत पुग्ने अपाङ्गता पुनःस्थापना केन्द्र लहानका अध्यक्ष सञ्जय अग्रवालले बताउनुभयो । रासस

# मुहान रसाएपछि राहत



महोत्तरी । पानीबिना छट्पटाएका यहाँका सर्वसाधारणलाई अब बल्ल राहत मिलेको छ । गत साउन अन्तिम साताको वर्षाले प्रशस्त चिस्यान बनेर भदौ लागेपछि पनि पानी परिरहेपछि पानीका स्रोतका मुहान रसाउँदै आएपछि राहत मिलेको हो ।

अहिले भदौ पहिलो साता बित्दै गर्दा यसअघि सुकेका इनार र चापाकल चल्न थालेका छन् । त्यसैगरी खोल्साखोल्सीका मुहानमा पानी रसाएर बढ्दै गएपछि अब खानेपानीको सङ्कट टर्दै गएको यहाँका सर्वसाधारणको भनाइ छ । "बस्तीका सबै चापाकल र इनार सुकेर खानेपानीको हाहाकार परेको थियो", भङ्गाहा-४ रामनगरका २५ वर्षीय सद्दाम राइन भन्नुहुन्छ, "अब सबैजसो इनारमा पानी भरिँदै आएको र चापाकल पनि चल्न थालेका छन् ।"

गत साउन तेस्रो सातासम्म पानी नपर्दा आफ्नो बस्तीका एक सय ५० चापाकल र ५० भन्दा बढी इनार सुकेर खानेपानीकै हाहाकार परेको राइनले सम्झनुभयो । "अब पानी राम्ररी रसाएको छ, लगातार अडिलो पानी परिरहेको हुँदा प्रशस्त चिस्यान छ, अब यो वर्षलाई खानेपानीकै सङ्कट नपर्ला", राइनकै छिमेकी रामबाबु महतोले विश्वस्त हुँदै भन्नुभयो ।

गत साउन अन्तिम साताको वर्षाले ठाउँठाउँमा कच्चीघर लडाएर दुःख दिए पनि भदौ लागेपछि मन्द वर्षा भइरहँदा खानेपानीका स्रोतका मुहान रसाएर भरिँदै आएका छन् । भदौ पहिलो साताको वर्षाले रूख बिरुवा, भदैया (भदौरे) तरकारीका बोट/लहरा र धानकै रोपो पनि लहलहाएको देखिदा सन्तोस लाग्ने गरेको किसान बताउँछन् । पछिल्लो वर्षा उखु, कोदो, हिउँदे तीलसहितका बालीलाई अमृत नै बनेको बर्दिवास नपा-९ पशुपतिनगरका ४० वर्षीय अमृतकुमार महतोको भनाइ छ ।

"पछिल्लो लगातारको वर्षाले इनार, चापाकल र बोरिङसहितका पानीका स्रोतका मुहान राम्ररी रसाएका छन्", भङ्गाहा-४ थारूटोल वनराका ७० वर्षीय किसान रामधारी सिंह थारू भन्नुहुन्छ, "अहिलेको पानी पराइ मन्दमन्द र अडिलो भएको हुँदा बालीलाई अमृत सरह बनेको छ ।"

यसैगरी जिल्लाको सुदूर उत्तरवर्ती चुरे र यसका शृङ्खलाबाट निस्कने नदी, खोल्साखोल्सी र झोराहरूमा अब पानी रसाउँदै आएका यस भेगका बासिन्दाको भनाइ छ । बर्दिबासका १४ मध्ये १० बस्ती र गौशाला नगरपालिकाका उत्तरवर्ती १० भन्दा बढी बस्तीहरूमा जडित खानेपानीका धाराको स्रोत यिनै नदी, खोल्साखोल्सी र झोरा हुन् ।

लामो खडेरीले यस्ता स्रोतका मुहान सुक्दै जाँदा खानेपानीको हाहाकार बढ्दै गएको थियो । साउन अन्तिम साता प्रारम्भसँगै पर्न थालेको पानीले अब मुहानमा राम्ररी पानी रसाएको हुँदा भण्डारण टङ्कीमा पानीको अभाव नहुने बर्दिबास साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका सचिव उदयबहादुर भण्डारी बताउनुहुन्छ ।

"पछिल्ला बितेका झन्डै चार महिना (वैशाखदेखि साउन तेस्रो सातासम्म) धेरै कष्टमा बिते, भण्डारण टङ्की रित्तिने डर थियो, धेरै दुःखले पानीको जोहो गरियो", भण्डारी भन्नुहुन्छ, "अब पछिल्लो वर्षाले नदी, खोल्साखोल्सी र झोराका मुहानमा पानी राम्ररी रसाएको छ, खानेपानीको कमी अब हुँदैन ।"

यसपालि जिल्लाका सुदूर उत्तरवर्ती र मध्यउत्तरवर्ती भेगमा मात्र नभई मध्य र दक्षिणवर्ती भेगमा पनि खानेपानीको हाहाकार परेको थियो । भारतीय सीमासँग जोडिएको जिल्ला सदरमुकाम जलेश्वरमै केही दिन चापाकल सुक्दा ट्याङ्करबाट पानी ओसारेर घरघरमा खानेपानीको जोहो गर्नुपरेको जलेश्वर-२ का वडाअध्यक्ष बरुण दाहाल सम्झनुहुन्छ ।

साउन तेस्रो सातासम्म जिल्लामा २५ प्रतिशत नपुगेको रोपाइँ अब झन्डै ५० प्रतिशत नाघेको कृषि ज्ञान केन्द्रले जनाएको छ । यसपालि लामो खडेरीले ब्याड राख्ने समयदेखि नै किसानले पानीको अभाव खेप्दै आएका थिए । ढिलो वर्षा हुँदा बीउ र जनशक्तिको अभाव खेप्दै किसानले निकै हन्डरले साउन अन्तिम साता र अहिले भदौ पहिलो साता बित्दै गर्दा पनि टाढाटाढाबाट धानको खरुअन (कलम) खोज्दै धान रोप्दैछन् ।

स्थानीय जातको धानको खरुअन (बीउ रोप गाँजिएपछि त्यो उखलेर फेरि रोपिने बीउलाई खरुअन भनिन्छ, कलम) भेट्टाइँदा मध्य भदौसम्मै रोप्न सकिने पाका किसान बताउँछन् । अब खेतका गरा पानीले टन्न भरिएका हुँदा अन्य सुक्खा बाली लाउन पाइने छाँट नभएपछि टाढाटाढासम्म खरुअन खोजेर भए पनि धान रोप्न बल गरिएको बलवा-१० धमौराका काशिम राइन बताउनुहुन्छ ।

जिल्लामा कूल करिब ७१ हजार हेक्टर कृषियोग्य जगामध्ये करिब ५० हजार हेक्टर धानखेतीका लागि उपयुक्त मानिन्छ । करिब ९० प्रतिशत जग्गा आकासे पानीकै भरको हुँदा यसपालि लामो खडेरीले धान रोपाइँ पछि परेको हो ।

पछिल्लो वर्षाले अब नदी किनारका उकास चउरमा घाँस पलाएपछि गाईवस्तुको चरन हुने किसानको भनाइ छ । यसैगरी आँप, लिचीसहितका फलफूलका रूखमा लागेका जालो, हँगापातका कालो धब्बा वर्षाले पानीले पूरै पखालिँदा यस्ता बोट चहकिला देखिएका छन् । यो वर्षाले खुल्ला चउर, कच्ची सडक र हाटबजार क्षेत्रको धुलो मज्जाले भिजाएको हुँदा अब धुलो नउड्ने सर्वसाधारण बताउँछन् । रासस

# बढ्दो छ फरक प्राकृतिका विपद्

काठमाण्डु । नेपालमा पछिल्ला केही वर्षका घटनालाई मध्यनजर गर्ने हो भने फरक प्रकृतिका विपद् बढिरहेको देखिएको छ । यस क्षेत्रका विज्ञले पनि कल्पनै नगरेका विपद्जन्य घटनाले जनजीवन प्रभावित भइरहेको बताएका छन् । यस्ता घटना जलवायु परिवर्तनको असरका कारण भएको उहाँहरुको भनाइ छ ।

जलवायु परिवर्तन विज्ञ डमिन्द्र दाहालको भनाइमा पनि जलवायु परिवर्तनका कारण मौसम अदलीबदली डरलाग्दो हिसाबले भइरहेको छ । यसपाली कुनै एक ठाउँमा ठूलो पानी परेर तहसनहस बनाएका बेला अर्को ठाउँमा सुख्खा लागिरहेको छ ।

पानीको अभावमा यसपाली राम्ररी धान रोपाइँसमेत हुन सकेन । तर कुनै ठाउँमा वर्षाले ठूलो धनजनको क्षति भइरहेको छ । बजार, पुलपुलेसा नै बगाउने गरी बाढी र पहिरोका घटना निम्तिरहेका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेल भेल बाढी कल्पनाभन्दा बाहिरका घटना बढ्दो क्रममा रहेको र यसले ठूलो क्षति पुर्याइरहेको बताउनुहुन्छ । तर विपद्जन्य घटनाको प्रकृति भने फेरिएको उहाँले बताउनुभयो ।

त्यसको उदाहरणकैरुपमा भन्नुपर्दा केही वर्ष अघि आएको हेलम्बुको बाढी होस् या यसपालीको मनसुनको सुरुआतमा पूर्वी नेपालको हेवा खोलामा आएको बाढी वा अहिले भर्खरै मात्रै मुस्ताङको कागखोलामा आएको बाढी, यी फरक प्रकृतिका विपद्जन्य घटना हुन् । यी घटनाले माथिल्लो भेग अर्थात् हिमाली क्षेत्रमा पनि वर्षा बढेको देखाएको छ । कतिपय अवस्थामा पहाड खसेर बाढीमा मिसिएका कारण बाढीको रुप कम्पनाभन्दा माथि देखिएको छ ।

पहिलेपहिले बाढीले तराईमा बढी क्षति गराउँथ्यो । तर अहिले पहाडी तथा हिमाली भेगमा समेत बाढीले तहसनहस बनाइरहेको छ । तराईको डुबानको समस्या भने क्रमशः घटिरहेको छ । प्राधिकरणका कार्यकारी प्रमुख पोखरेल



जलवायु परिवर्तनको असरले नै अकल्पनीय घटना भइरहेको बताउनुहुन्छ ।

दश दिनअघि मुस्ताङको कागखोलामा भिषण बाढी आयो । त्यसले एक अर्बको आर्थिक क्षति गराएको छ । २५ भन्दाबढी घरमा क्षति भएको छ । पूर्वसूचनाका कारण भने त्यहाँ मानवीय क्षति हुन पाएन । तर भौतिक क्षति भने रोक्न सकिएन । अझ भनौँ नसोचेको भौतिक क्षति भएको छ ।

यसपालीको मनसुन सुरु भएको दिन जेठ ३१ लगत्तै पूर्वी नेपालको सङ्खुवासभा, इलाम, पाँचथर, ताप्लेजुङमा भिषण वर्षा भयो । उक्त घटनामा छ जनाको मृत्यु भयो भने २५ जना बेपत्ता नै छन् । ठूलाठूला जलविद्युत् आयोजना, सडक पक्कली पुल नै बाढीले बगाइदियो ।


दुई वर्षअघि २०७८ सालमा मनाङमा पनि त्यसैगरी बाढीले ठूलो क्षति गरायो । मनाङ, मुस्ताङ र मेलम्चीको विपद्जन्य घटना विश्लेषण गर्ने हो भने हिमाली क्षेत्रमा वर्षा भएर ठूलो क्षतिका घटना बढिरहेको छ । पहाडी क्षेत्रमा पनि त्यसैगरी तहसनहस बनाइरहेको छ ।

यस्ता गाउँ र सहर नै सोहोरेर लैजाने खालका विपद्जन्य घटना बढिरहेको पाइएको छ । यस्ता घटना जलवायु परिवर्तनका कारण भएको भन्दै पोखरेलले अब ती घटनाबारे विश्व समुदायलाई समेत जानकारी गराउने बेला आइसकेको बताउनुहुन्छ ।

वैशाख १ यता मात्रै दुई हजार पाँच सयभन्दा बढी विपद्का घटना भइसकेका छन् । ती घटनामा एक सय ५१ जनको मृत्यु र ३० जना बेपत्ता छन् । अधिकांश क्षति भने मनसुनका समयमा भएको प्राधिकरणका उपसचिव ध्रुवबहादुर खड्का बताउनुहुन्छ । मौसमको पूर्वसूचना प्रणाली प्रभावकारी भए पनि क्षति रोक्ने प्रणाली भने प्रभावकारी देखिएको छैन ।

यस्ता घटना हुनै नदिनका लागि के गर्न सकिन्छ भन्ने विषयमा ध्यान केन्द्रित गर्नुपर्ने बेला आएको छ । यसका साथै प्रभावमा आधारित सूचना प्रणालीलाई अझै प्रभावकारी बनाउन जरुरी रहेको छ । जल तथा मौसम विज्ञान विभागले यसपाली औसतभन्दा कम पानी पर्ने आँकलन सार्वजनिक गरेको थियो ।

पानी कम परे पनि कुनै एक ठाउँमा एकैपटक धेरै पानी पर्ने अवस्था भने कायमै हुने विभागले बताएको थियो । सोही अनुमान झैँ निश्चित क्षेत्रमा बढीमात्रामा वर्षा भएर यसपाली क्षति गराएको छ । यसले पनि फरक खालका विपद्जन्य घटना निम्तिरहेको देखाउँछ । रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# विलासी जीवनले निम्त्याएको भ्रष्टाचार

संसद्मा प्रतिनिधित्व गर्ने ठूला दलका शीर्ष नेतृत्व नै राज्यलाई असफल बनाउने षड्यन्त्रमा लागेका त होइनन् ? त्यस्तो हुनु न नपर्ने हो तर तिनका आचरण तथा क्रियाकलापका कारण जनमानसमा स्वाभाविकरूपमा शङ्का उब्जेको छ । नत्र, नेपाल यति निरीह र गतिहीन देखिनु नपर्ने हो । कारण, जनप्रतिनिधिले बनाएको तुलनात्मकरूपमा लोकतान्त्रिक र प्रगतिशील संविधान छ । पूर्वाग्रह नराख्ने हो भने संघीयता, गणतन्त्र, धर्मनिरपेक्षताजस्ता विशेषता भएको समावेशी शासन व्यवस्थालाई खोट लगाउन मिल्दैन । नेपाली समाज छिमेकीका तुलनामा अपेक्षाकृत उदार छ । सामाजिक सद्भाव र सहिष्णुताका दृष्टिबाट पनि दुनियाँका असल समाजमध्येमै मानिन्छ । लाभको चरणमा पुगेको युवा जनसंख्याले वैदेशिक रोजगारीबाटै भए पनि देश धानेको छ । प्राकृतिक विविधता र सुन्दरतामा पनि नेपाल अनुपम छ भन्नु अतिशयोक्ति हुँदैन । खनिज पदार्थका बारेमा अझै राम्ररी थाहा भएको छैन तर जलस्रोतको सदुपयोगमात्रै गर्न सके पनि नेपाली समाजको समृद्धिका लागि पर्याप्त हुनसक्छ । एकअर्काका प्रतिस्पर्धी र नेपालसँगको सम्बन्धमा ‘ईर्ष्यालु’ भए पनि भारत तथा चीन दुवैको नेपालप्रति सद्भाव पनि छ । रणनीतिक महत्वकै कारणबाट भए पनि पश्चिमी लोकतान्त्रिक मुलुकहरू पनि नेपालको उन्नतिमा सहयोग गर्न उत्सुक रहँदै आएका छन् । तैपनि, न देशमा अपेक्षाकृत भौतिक विकासमै प्रगति भएको छ न सामाजिक सेवा र सुरक्षा नै सन्तोषजनक छ । जनसाधारणको असन्तुष्टिलाई स्वाभाविक मान्न सकिएला तर राज्यप्रति समाजमा बढ्दैगएको अविश्वासले अराजकताको रूप लिनसक्ने जोखिम जन्माएको छ । यसको मूल कारण विधिको शासनको सम्मान नगर्नु नै हो । अक्षर र भावनाको सम्मान नभए संविधान कमजोर हुन्छ । कमजोर संविधानले नागरिकको रक्षा गर्न सक्तैन । अनि, जनताले संविधानकै विकल्प खोज्न थाल्छन् अस्थिरताको चक्रमा मुलुक फस्छ । नेपाल अस्थिरताको यस्तै चक्रमा फसेको लामै समय भइसक्यो । मूलतः यही अस्थिरताकै कारण संसारकै पुरानो राष्ट्रको सूचीमा पर्ने नेपाल अहिले ‘असफल राज्य’ हुने जोखिममा पुगेको छ । दुर्भाग्य, त्यसलाई रोक्ने गम्भीर प्रयत्न भएको देखिएको छैन । संसद्लाई काम गर्न दिइएको छैन । सरकार तजबिजमा चलाइएको छ । न्यायपालिकामा अपेक्षाकृत विचलन कम देखिए पनि त्यसमा आवश्यकता समयसापेक्ष सुधारको प्रयत्न हुनसकेको छैन । लाग्छ, सबैतिरबाट नेपाललाई असफल बनाउन कुनै अदृश्य शक्ति निरन्तर क्रियाशील छ । परन्तु, अलि गहिरिएर हेरे त्यो अदृश्यजस्तो लाग्ने शक्तिलाई चिन्न कठिन हुँदैन । त्यो शक्ति अरू कोही नभएर प्रमुख राजनीतिक दलका शीर्ष नेताहरू नै हुन् । त्यसैले राजनीतिकर्मीहरु विलासिता जीवन जिउन छाडेर जनता र मुलुकको बारेमा पनि सोच्नु जरुरी देखिन्छ ।

# गरिबी र रोजगारीबीचको अन्तरसम्बन्ध



सन्दीपकुमार साह

गरिबी न्यून आय, शिक्षाको अभाव र कमजोर स्वास्थ्य अवस्थासँग जोडिएको विषय हो । गरिबी भनेको त्यस्तो अवस्था हो, जसमा कुनै व्यक्ति वा समुदायसँग जीवनयापनका लागि आवश्यक आधारभूत वस्तु तथा आर्थिक स्रोत साधनको अभाव हुन्छ । गरिबी भनेको रोजगारीबाट प्राप्त हुने आम्दानीले जीवनका न्यूनतम आधारभूत मानवीय आवश्यकताहरू पूरा गर्न नसक्ने अवस्था हो । रोजगारी भनेको उत्पादन कार्यमा व्यक्तिको संलग्नताको अवस्था हो । रोजगारी आर्थिक र सामाजिक विकासको आधारशिला हो । रोजगारीको माध्यमबाट गरिबी न्यूनीकरण गर्न सकिन्छ । गरिबी र रोजगारी कुनै पनि अर्थतन्त्रका मुख्य सामाजिक सूचक हुन् । गरिबीले आर्थिक वृद्धिमा ठूलो भूमिका खेल्दछ । रोजगारी विश्वको कुनै पनि देशको आर्थिक वृद्धिको महत्वपूर्ण उपाय हो ।

### कानूनी व्यवस्था


नेपालको संविधानको धारा १६ (१) मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने र धारा ४२ मा सामाजिक न्यायको हक अन्तर्गत आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ भने मौलिक हकको व्यवस्था गरिएको छ । सबै प्रकारको गरिबी मुक्त समाज निर्माण गर्ने सोंच र गरिब तथा धनी बीचको आर्थिक असमानता न्यूनीकरण गर्दै गरिबीको रेखामुनी रहेको जनसंख्यालाई एकल अंकमा ल्याउने लक्ष्यका साथ गरिबी निवारण नीति, २०७६ कार्यान्वयनमा रहेको छ ।

### वर्तमान अवस्था

नेपाल बहुआयामिक गरिबी सूचकांक, २०२१ अनुसार नेपालमा १७.४ प्रतिशत मानिसहरु बहुआयामिक गरिब रहेका छन् । शहरमा २८ प्रतिशत र ग्रामीणमा १२.३ प्रतिशत मानिसहरु बहुआयामिक गरिब रहेका छन् । सबैभन्दा बढी बहुआयामिक गरिबी कर्णाली प्रदेश मा ३९.५ प्रतिशत र सबभन्दा कम वाग्मती प्रदेशमा ७ प्रतिशत रहेका छन् । त्यस्तै सुदुरपश्चिम प्रदेशमा २५.३ प्रतिशत, मधेश प्रदेशमा २४.२ प्रतिशत, लुम्बिनी प्रदेशमा १८.२ प्रतिशत, कोशी प्रदेशमा १५.९ प्रतिशत र गण्डकी प्रदेशमा ९.६ प्रतिशत बहुआयामिक गरिबी रहेका छन् । नेपालमा सन् १९९० मा ४९ प्रतिशत रहेको निरपेक्ष गरिबी सन् २०२३ मा १५.१ प्रतिशतमा झरेको छ । यसरी हेर्दा विगत ३३ वर्षमा ३३.९ प्रतिशतले निरपेक्ष गरिबी घटेको देखिन्छ । विश्वमा हरेक दश जना मध्ये एक जना निरपेक्ष गरिबीको रेखामुनि रहेका छन् ।

न्यून आय असमानता भएको देशहरूमा आय स्तरमा एक प्रतिशतको वृद्धिले गरिबीमा ४.३ प्रतिशतसम्म कमी ल्याउन सक्छ भने अत्यधिक आय असमानतामा भएको देशहरु गरिबीमा ०.६ प्रतिशतको कमी आउने अनुमान गरिएको छ । विप्रेषण आप्रवाहमा १० प्रतिशतले वृद्धि हुदाँ गरिबीमा पर्ने सम्भावना लगभग ३. प्रतिशतले घट्दछ भने विश्व बैंकको एक अध्ययनले देखाएको छ । फिलिपिन्समा १० प्रतिशत विप्रेषण बढदा २.८ प्रतिशत गरिबी घटेको उदाहरण पनि छ । नेपालमा विप्रेषण प्राप्त नगर्ने घरपरिवारको तुलनामा विप्रेषण प्राप्त गर्ने घरपरिवार गरिबीमा पर्ने सम्भावना २.३ प्रतिशत कम हुन्छ । सन् १९९५ देखि २००४ सम्ममा नेपालको गरिबी घटाउनमा विप्रेषणको योगदान २० प्रतिशत रहेको अनुमान विभिन्न अध्ययनले देखाएको छ । नेपालमा पनि गरिबी घट्नुमा वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको अहम भूमिका रहेको देखिन्छ ।

अन्तर्राष्ट्रिय गरिबीको रेखा प्रति दिन १.९० अमेरिकी डलरबाट २.१५ अमेरिकी डलर प्रति व्यक्ति अद्यावधिक गरिएको छ । अन्तर्राष्ट्रिय गरिबीको रेखामा भएको वृद्धिले न्यून आय भएका देशहरूमा आधारभूत खाद्यान्न, लत्ताकपडा र आश्रय स्थलको आवश्यकतामा भएको वृद्धिलाई प्रतिबिम्बित गर्दछ । विश्वको कुल जनसंख्याको ९.२ प्रतिशत जनसंख्या निरपेक्ष गरिबीको रेखामुनि रहेका छन् । विश्वको गरिबीको अवस्था हेर्दा ९० प्रतिशत गरिबी अफ्रिका र दक्षिण एसियामा रहेको छ । सन् २०३० सम्म विश्वको सबै क्षेत्रबाट सबै प्रकारको गरिबीको अन्त्य गर्ने दिगो विकासको लक्ष्य रहेको छ । सन् २०३० सम्ममा विश्वव्यापी गरिबीलाई ३ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा ७ प्रतिशत रहने अनुमान गरिएको छ । पन्ध्रौं योजनाको अन्त्यसम्ममा निरपेक्ष गरिबीलाई ९.५ प्रतिशतमा र बहुआयामिक गरिबीलाई ११.५ प्रतिशतमा झार्ने लक्ष्य रहेको छ । त्यस्तै गरिबी निवारण नीति, २०७६ ले गरिबीको रेखामुनी रहेको जनसंख्यालाई वि.सं. २०८७ सम्म ५ प्रतिशतमा र वि.सं. २१०० सम्म शुन्यमा झार्ने लक्ष्य लिएको छ ।



### गरिबीको दुष्चक्र

गरिबीको दुष्चक्र भन्नाले त्यस्तो अवस्थाको गरिबीलाई बुझाउँछ जुन अवस्थाबाट गरिब ब्यक्ति माथि उठनै सक्दैन । कुनै ब्यक्ति गरिब हुनुको अर्थ उसँग न्यून वा कम आम्दानी हुनु वा आम्दानीको अभाव हुनु हो । जसले गर्दा गरिब ब्यक्तिसँग भएको आम्दानीको अधिकांश हिस्सा जीवन निर्वाह गर्नका लागि नै खर्च गर्नु पर्ने बाध्यता हुन्छ । जसले गर्दा गरिब ब्यक्तिको बचत न्यून हुन्छ वा बचत घट्दछ र न्यून बचतले लगानी पनि घटाउँछ । न्यून लगानीले उत्पादन कम हुन्छ र न्यून उत्पादनले आम्दानी पनि कम नै हुन्छ । अतः गरिब ब्यक्ति पुनः त्यही गरिबी कै अवस्थामा फर्कन्छ वा फर्कन बाध्य हुन जान्छ । यसै चक्र वा प्रक्रियालाई नै गरिबीको दुष्चक्र भनिन्छ ।

### विकासमा रोजगारीको भूमिका

वर्ल्ड डेभलपमेन्ट रिपोर्ट, २०१३ का अनुसार विकासमा रोजगारीको महत्त्वपूर्ण योगदान रहन्छ । रोजगारी आर्थिक र सामाजिक विकास हासिल गर्ने साधन हो । विश्व बैंकले विकासमा रोजगारीको भूमिका सम्बन्धी तीन वटा दृष्टिकोणलाई अगाडी सारेको देखिन्छ । पहिलो रोजगारीले आयको अवसर प्रदान गर्दछ र जीवनस्तरमा सुधार ल्याउँछ, दोश्रो रोजगारीले उत्पादकत्व बढाउँछ र आर्थिक वृद्धिमा सघाउँछ, तेश्रो रोजगारी आत्म-सम्मान र सामाजिक पहिचानको आधारभूत स्रोत हो, जसले सामाजिक एकतामा योगदान पुर्‍याउँछ ।

### गरिबी र रोजगारी बीचको अन्तरसम्बन्ध

विश्वव्यापी रूपमा करोडौं मानिसहरु गरिबीको अवस्थामा जीवनयापन गर्न बाध्य रहेका छन् । गरिबी श्रम बजारमा रोजगारीका अवसरहरूमा असमान पहुँचसँग सम्बन्धित छ । गरिबहरूका लागि श्रम नै एक मात्र सम्पत्ति हो, जुन तिनीहरूले आफ्नो अवस्था र जीवनस्तर सुधार गर्न प्रयोग गर्न सक्छन् । रोजगारी आर्थिक वृद्धिको प्रमुख चालक पनि हो । आर्थिक वृद्धिले उत्पादकत्व बढाउन र जीवनस्तर सुधार गर्न मदत गर्छ । आर्थिक वृद्धिले रोजगारीका अवसरहरू सिर्जना गर्दछ र श्रम बजारमा श्रमिकको माग बढ्छ । फलस्वरूप रोजगारीमा भएको वृद्धिले उच्च आर्थिक वृद्धि हासिल गर्न महत्वपूर्ण सहयोग गर्छ । त्यसैले गरिबी न्यूनीकरण र दिगो आर्थिक तथा सामाजिक विकासका लागि उत्पादनमूलक रोजगारीका अवसर हरूको सृजना गर्नु आवश्यक छ ।

गरिबी न्यूनीकरण एउटा प्रमुख अन्तराष्ट्रिय चुनौतीको विषय बनेको छ । विकासोन्मुख देशहरूका लागि गरिबी न्यूनीकरण अझै पनि ठूलो चुनौती रुपमा रहेको छ । यो मानव जातिको लागि सबैभन्दा ठूलो र कुनै पनि अर्थव्यवस्थाको मुख्य समस्याको रुपमा रहेको छ । जसलाई तुरुन्तै समाधान गर्न आवश्यक छ । यसलाई समयमै समाधान गरिएन भने अन्य सामाजिक समस्याहरू जस्तै बेरोजगारी, भोकमरी, अशिक्षा बढ्न बेर लाग्दैन् । गरिबी र रोजगारी बहुआयामिक विषय रहेकोले यो एक अर्कासंग अन्तरसम्बन्धित रहेको छ । गरिबी बढदा रोजगारी घट्छ र बेरोजगारी बढ्छ, रोजगारी बढ्दा गरिबी घट्छ र यसले बेरोजगारी घटाउन मदत गर्छ । रोजगारीले गरिबी तथा बेरोजगारी दर बीचको संतुलन कायम गरेको हुन्छ । त्यसैले दिगो आर्थिक वृद्धि तथा विकास एवं गरिबी तथा बेरोजगारी न्यूनीकरणको मुख्य आधार नै उत्पादनशील रोजगारी रहेको छ । उत्पादनशील रोजगारीले मानिसको आयआर्जन क्षमतालाई बढाउँछ र यसले बेरोजगारी तथा न्यून रोजगारलाई कम गर्दछ । यसको परिणाम स्वरुप गरिबी न्यूनीकरणमा उल्लेखणीय सहयोग गर्छ ।

गरिबी न्यूनीकरण गर्ने सबैभन्दा उपयुक्त र प्रभावकारी उपाय नै रोजगारी हो । यदि रोजगारी बढ् यो भने आम्दानी पनि बढ्छ । आम्दानी बढ्यो भने मानिसहरूलाई आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्न सहज हुन्छ र तिनीहरूको गरिबीको अवस्थामा सुधार आउँछ । मानिसहरूलाई जीवन निर्वाहको लागि आफ्नो आम्दानी चाहिन्छ । गरिबीका कारण मानिसहरू मानव पुँजी, भौतिक पुँजी र आफ्नो स्वास्थ्यमा लगानी गर्न सकिरहेका हुदैनन् । फलस्वरूप, अर्थतन्त्रमा लगानी कम हुन्छ र उत्पादनशील श्रमशक्तिमा कमी आउँछ । त्यसैले गरिबी र रोजगारी बीच पूर्ण रूपमा सकारात्मक सम्बन्ध रहेको छ । यसले महिला र पुरुष बीचको समानतालाई पनि बढावा दिन्छ । गरिबीबाट मुक्तिको आधारभूत मार्ग नै रोजगारी भएकोले रोजगारीका क्षेत्रहरुको पहिचान गरि सो क्षेत्रमा थप अवसरहरुको सिर्जना गरि गरिब, विपन्न र बेरोजगार व्यक्तिहरुको सहज पहुँच हुने खालको सीप, क्षमता तथा दक्षता अभिवृद्धि गरि गरिबीको रेखामुनी रहेका व्यक्तिहरुको गरिबी न्यूनीकरण गर्न सकिन्छ । गरिबीको अवस्थालाई अन्त्य गर्न गरिबी न्यूनीकरणमा सहयोग पुग्ने खालको गरिबी तथा रोजगारी सम्बन्धी नीति तथा कार्यक्रमहरु तर्जुमा गर्न आवश्यक छ ।

गरिबीको रेखामुनि रहेका अधिकांश घरपरिवारको आम्दानीको मुख्य स्रोत नै रोजगारी रहेको छ । रोजगारीले मानिसहरूलाई गरिबीबाट बाहिर निस्कन आयको अवसर प्रदान गर्दछ । रोजगारी गरिबी न्यूनीकरणको प्रमुख कारकको रुपमा रहेको छ । गरिब लक्षित आय वृद्धि र रोजगारीका अवसरहरू विस्तार गरी स्थानीय आर्थिक विकासको माध्यमबाट गरिबी न्यूनीकरण गर्न सकिन्छ । आर्थिक वृद्धिलाई थप सुदृढ बनाई शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, आयआर्जन तथा रोजगार र पूर्वाधार विकासको क्षेत्रलाई प्राथमिकता दिई गरिब न्यूनीकरणमा सहयोग पुग्ने गरी लगानी वृद्धि गर्नु पर्दछ ।

गरिबी न्यूनीकरण र रोजगारी सृजनाका लागि स्थानीय सरकारको महत्वपूर्ण भूमिका रहन्छ । स्थानीय सरकारले स्थानीय आवश्यकता र स्रोत साधनहरूको बारेमा अधिक जानकार हुन्छ । स्थानीय सरकार जनताको सबभन्दा नजिकको सरकार भएकोले गरिब तथा विपन्न वर्गहरुको आर्थिक अवस्था एवं जीवनस्तरमा सुधार गर्न अरु तहको सरकारभन्दा बढी प्रभावकारी हुने देखिन्छ । गरिबी न्यूनीकरणको सबैभन्दा महत्वपूर्ण उपायको रूपमा स्थानीय आर्थिक विकासलाई लिइन्छ । स्थानीय आर्थिक विकासले स्थानीय अर्थतन्त्रलाई गतिशील बनाई स्थानीय स्रोत साधनको समुचित उपयोग गरी स्थानीय स्तर मै आयवृद्धि एवं रोजगारी सिर्जना गर्ने काम गर्दछ ।

### निश्कर्ष

गरिबी र बेरोजगारी बीच महत्वपूर्ण सम्बन्ध रहेको देखिन्छ । रोजगारी पाउन नसक्दा परिवारको सीमित आम्दानीमा प्रति व्यक्ति उपभोगको स्तर घट् दछ । उपभोगको स्तरमा आएको कमीले व्यक्तिको कमाउने क्षमतालाई थप घटाउँछ र ऊ गरिबीको दुष्चक्रबाट उम्कन असमर्थ हुन्छ । आम्दानीको अनिश्चितताले गरिबीको रेखामुनि रहेका व्यक्तिहरूले आधारभूत आवश्यकताहरू पूरा गर्न सक्दैन र उनीहरू गरिबीमा जीवनयापन गर्न बाध्य हुन्छन् । त्यसैले गरिबी न्यूनीकरण र दिगो आर्थिक तथा सामाजिक विकासका लागि उत्पादनमूलक रोजगारीका अवसर हरूको सृजना गर्नु आवश्यक रहेको छ । रोजगारीबाट प्राप्त हुने आम्दानीले गरिबीका रेखामुनि रहेका व्यक्ति तथा तिनका आश्रित परिवारहरूलाई आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्न आवश्यक वस्तु र सेवाहरू प्राप्त गर्न सहयोग गर्छ । रोजगारीले गरिबी न्यूनीकरणमा ठूलो योगदान पुर्‍याउँछ ।

# शिक्षामा व्यापारीको दादागिरी र निरीह राज्य



भिमसेन भट्ट

‘तिमी एक वर्षका लागि सोच्छौ भने धान रोप, दस वर्षका लागि सोच्छौ भने रुख रोप र सय वर्षका लागि सोच्छौ भने शिक्षामा लगानी गर ।’ यो चाइनिज भनाइले कुनै पनि देशको शिक्षा नीतिले त्यस देशको रणनीतिक योजनाहरू प्रभावित गर्दछ भन्ने स्पष्ट पार्दछ ।

नेपालको संविधान, २०७२ घोषणा भएपश्चात दुई वर्ष भित्र ऐनहरू बनिसक्नुपर्ने थियो तर त्यसो हुन सकेन । फलस्वरूप शिक्षा क्षेत्रमा प्रत्यक्ष त्यसको असर पर्न गयो । नेपालको शिक्षा नीति अहिलेसम्म शिक्षा ऐन, २०२८ द्वारा निर्दिष्ट छ । यसै सन्दर्भमा झन्डै ५२ वर्ष पछि सरकारले विद्यालय शिक्षा ऐन, २०८० को ड्राफ्ट मन्त्रिपरिषदबाट स्वीकृत गरी संसदमा दर्ता गर्दै गर्दा विभिन्न आयामहरूबाट बहस तथा छलफलहरू चलिरहेका छन् र यो स्वाभाविक पनि छ । यद्यपि बहस सकारात्मक कोणबाट मात्र नभएर स्वार्थ समूहहरूको आआफ्नो स्वार्थ अनुसार चलेका छन् र स्वार्थ बाझिएका छन् ।

नेपालको संविधान, २०७२ को भाग ३ धारा ३१ मा शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रूपमा उल्लेख गरिएको छ । साथै ३१ (२) मा प्रत्येक नागरिकलाई राज्यबाट आधार भूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भनी लेखिएको छ । यसले के स्पष्ट पार्दछ भने विद्यालय तह, ९ देखि १२ कक्षासम्म सबै नागरिकलाई राज्यले निःशुल्क शिक्षा प्रदान गर्नुपर्छ ।

हाल नेपालमा ३५ हजार ६ सय ७४ विद्यालय रहेको छन्, जसमध्ये ६ हजार ७ सय ३२ संस्थागत विद्यालय छन् । यसमा केही सामुदायिक र बाँकी सबै संस्थागत विद्यालयहरूले विद्यार्थीहरूबाट शुल्क उठाउँछन् । अझै गम्भीर कुरा त संविधानको मर्म विपरीत सामुदायिक विद्यालयहरूले नै विभिन्न शीर्षकमा शुल्क उठाउने विषय छ यो गैरसंवैधानिक कार्य रोकिने कुरा ऐनले सुनिश्चित गर्नुपर्दछ ।

वर्तमान अवस्थामा शिक्षा र स्वास्थ्यमा निजीकरण उल्लेख्य मात्रामा रहेको छ । लगभग राज्यको नियन्त्रण भन्दाबाहिर छ जस्तो परिदृश्य देखिन्छ । संस्थागत विद्यालयमा लगानी गर्ने व्यापारीहरूको आआफ्नै दाबी छ । हो, निजी विद्यालयमा लगभग दुई लाखमाथि शिक्षक कर्मचारी कार्यरत छन्, दशौं लाख विद्यार्थीलाई व्यवस्थापन गर्ने भौतिक संरचना छन् ।

यसको स्वामित्व तत्काल राज्यले लिने कुरा कति सहज छ ? छलफल गर्न सकिन्छ । तर, संविधानमा मौलिक हकको रूपमा उल्लेख गरिएको र समाजवाद उन्मुख राज्य व्यवस्थाको परिकल्पना गरिएको संविधान भएको देशमा राज्य निरीह बनेर शिक्षा र स्वास्थ्य जस्ता आधारभूत विषयमा चरम व्यापारीकरण हुनु र गराउनु राज्यको गैर जिम्मेवारीको पराकाष्ठा हो ।

अभिभावकले आफू गरिब भएका कारणले आफ्ना सन्तान अर्कै पैसावाललाई लालनपालन गर्न सुम्पिन मिल्छ र ? अब यति भनिसकेपछि शिक्षा व्यापारीहरूको त कन्सिरीको रौं लगभग ठाडो भइहाल्छ र भन्लान्–हामीले रोजगारी दिएका छौं, कर तिरेको छौं, अनि केके केके ।

‘एक वर्षका लागि सोच्छौँ भने धान रोप, दस वर्षका लागि सोच्छौ भने रुख रोप र सय वर्षका लागि सोच्छौ भने शिक्षामा लगानी गर ।’

तर, मैले बहुसंख्यक निजी विद्यालयका शिक्षकहरू प्रताडित भएको महसुस गरेको छु । अहिले पनि अधिकांश निजी विद्यालयले रोजगारीका नाममा राज्यको कमजोरीको फाइदा उठाउँदै श्रम शोषण गरेका छन्, र कोही कसैले प्रश्न गरिहाले पनि यो त निजी हो कहाँ सबै सरकारी जस्तो हुन्छ र भन्ने गरेका छन् । के निजी विद्यालय ऐन नियमभन्दा नी माथि हुन् र ?



त्यस्तै राज्यले शुल्क निर्धारणको एउटा मापदण्ड बनाएकै छ तर राज्यको निरीहताको फाइदा उठाउँदै अभिभावकहरूको ढाड सेकिने गरी पचासौं हजार शुल्क खुलेआम उठाएका छन् । खुरुखुरु यति धेरै शुल्क तिर्ने अभिभावकको पनि सम्पत्ति छानबिन हुनुपर्छ । यसलाई कालोबजारी भन्ने कि नभन्ने ? यहाँ जबर्जस्त छोराछोरी सामुदायिकमा पढ्छन् कि प्राइभेटमा पनि शुल्क कति भन्ने कुराले उसको सामाजिक मर्यादाको स्तर नापिने भाष्य स्थापित गराइँदैछ । यसले समाजलाई कता डोर्याउँदैछ भन्ने कुराको डरलाग्दो संकेत गर्दछ ।

यसै परिप्रेक्षमा आउन लागेको विद्यालय शिक्षा ऐन, २०८० मा भएका केही प्रावधानहरूले संस्थागत विद्यालयका व्यापारीहरूलाई असुरक्षित महसुस गरायो र सधैं बन्दको विरोध गर्नेहरू आफै गैर जिम्मेवार बन्दै लाखौं विद्यार्थीहरूको पठनपाठनमा असर गर्ने गरी बन्दको घोषणा गर्ने तहसम्म सलबलाए ।

यसै बीच देशको कार्यकारी प्रमुखको अभिव्यक्तिले राज्य कसको नियन्त्रणमा छ भन्ने देखाउँछ, विधेयकमा भएका प्रावधान आफ्नो जानकारीमा नै नभए जस्तो गरी कसले तोडमोड गरेछ भन्दै त्यसलाई सच्चाउने प्रतिबद्धता जाहेर गरे पछि यसले गम्भीर प्रश्न खडा गरेको छ । पहिला मन्त्रिपरिषदबाट पास भएर संसदमा पेश भइनसकेको ड्राफ्ट सांसदहरूले नपाउँदै निजी विद्यालयका सञ्चालकहरूको हातहातमा कसरी पुग्यो ? र दोस्रो प्रधानमन्त्रीय पद्धतिमा नेतृत्वमा मन्त्रिपरिषद्को बैठकले पास गरेको कुरा केही दिनमै प्रधानमन्त्रीबाट नै फरक अभिव्यक्ति आउनुले गम्भीर प्रश्न खडा गरेको छ । यसको जवाफ प्रधानमन्त्रीले दिन पर्ने कि नपर्ने ?

हो, अन्तर्राष्ट्रिय अभ्यासलाई नियाल्दा विभिन्न देशमा शिक्षा निजी क्षेत्रबाट पनि सञ्चालित छन्, तर प्रायः विकसित मुलुकमु सरकारी विद्यालयहरूको गुणस्तर र मूल्य एकदमै राम्रो छ, र समय तथा अन्य प्राविधिक कारणले मात्र प्राइभेटमा पढाइन्छ जहाँ जस्तो निजी त्यो पनि महङ्गो शुल्क भएकोमा पढाउन नसक्दा सामाजिक रूपमा नै बहिस्कृत भइने डर हुन्न । त्यसैले निजी क्षेत्रबाट सञ्चालित विद्यालयलाई पनि सञ्चालन गर्ने हो भने राज्य नियन्त्रित गैर नाफामूलक हुनुपर्छ ।

कुनै पनि ऐन विज्ञहरूको सहभागितामा व्यापक छलफल र अभ्यासबाट ल्याइनुपर्छ र कुनै स्वार्थ समूहको इच्छा, चाहना र आकाङ्क्षा नमिल्दैमा अलिअलि विरोधको स्वर सुन्दैमा परिवर्तन रोक्नु हुन्न । ऐनलाई अझै व्यापक रूपमा मजबुत गराउनुपर्नेछ ।

जस्तै उच्च नैतिक आचरण भएको सामाजिक रूपान्तरण, आर्थिक विकास र विश्वव्यापी रूपमा प्रतिस्पर्धा गर्न सक्ने नागरिक उत्पादन गर्ने, विद्यार्थीले पढेका सिकेका विषय घर र समुदायमा प्रयोग गराउने साथै सामाजिक उत्तरदायित्वको बोध गराउँदै त्यसको मूल्यांकन प्रणाली पाठ्यक्रममा नै समेट्ने, शिक्षकहरूको उच्च आत्मबलका लागि केही विशेष व्यवस्था गर्ने, शिक्षक हुनका लागि न्यूनतम मापदण्डलाई अझै मजबुत बनाउने र निर्धारण गर्ने तथा शिक्षकहरूको विद्यालय शिक्षा ऐनले आजको आवश्यकताको हल दिन सक्छ । (भट्ट संस्थागत विद्यालयमा कार्यरत शिक्षक हुन् ।)

# मन्त्रिपरिषद् बैठक : प्रधानमन्त्रीको संयुक्त राष्ट्रसङ्घको भ्रमण स्वीकृत



काठमाण्डु । सरकारले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को संयुक्त राष्ट्रसङ्घको भ्रमण स्वीकृत गरेको छ । सिंहदरबास्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुधबार बसेको मन्त्रिपरिषद् बैठकले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै संयुक्तराज्यअमेरिकाकोन्यूयोर्कमा आयोजना हुने संयुक्त राष्ट्र सङ्घको ७८औँ महासभामा सहभागी हुन प्रधानमन्त्री दाहालको भ्रमण स्वीकृत गर्ने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधि रेखा शर्माले जानकारी दिनुभयो ।

बैठकले धुलिखेल अस्पताल, ट्रमा तथा आपत्कालीन केन्द्र सुधार परियोजनाका लागि जापान सरकारबाट प्राप्त हुने जापानी येन तीन अर्ब २९ करोड ६० लाख अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ । मन्त्रिपरिषद्ले धितोपत्रसम्बन्धी ऐन, २०६३ को दफा ११६ को उपदफा १ बमोजिम नेपाल धितोपत्र बोर्डलाई धितोपत्र तथा निष्कासन सातौँ संशोधन नियमावली २०८० संशोधन गर्न स्वीकृत प्रदान गर्ने निर्णय गरेको मन्त्री शर्माले जानकारी दिनुभयो ।

सरकारले राजनीतिक परिवर्तनमा गीत सङ्गीतका माध्यमबाट सहयोग पुऱ्याउनुभएका स्व जेवी टुहुरेलाई जनगायकको उपाधि प्रदान गर्ने निर्णयसमेत गरेको छ । बैठकले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीको पिताको निधनमा दुःख व्यक्त गर्दै श्रद्धाञ्जली अर्पण गरेको छ । बैठकले शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गरेको छ ।

**सुन तस्करीको छानबिन गर्न उच्चस्तरीय आयोग गठन हुने**

संसद्मा प्रतिनिधित्व गर्ने राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलले हालसम्म भएका सुन तस्करीको छानबिनका लागि उच्चस्तरीय आयोग गठन गर्न सहमत भएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बुधबार बसेको राष्ट्रिय मान्यता प्राप्त दलहरूको बैठकले आगामी महिना उक्त आयोग गठन गर्न सहमत भएका हुन् । सहमति पत्रमा सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने विभिन्न सात राजनीतिक दलका प्रमुख सचेतकले हस्ताक्षर गर्नुभएको छ ।

सुनलगायतका सामग्री पटक पटक तस्करी भई मुलुकभित्र आइरहेको विषयलाई गम्भीरतापूर्वक लिई स्वतन्त्र एवम् निष्पक्ष छानबिन गर्न र यस्तो तस्करीजन्य विषयका सम्बन्धमा भएका अध्ययनसमेत गरी सुझाव सहितको प्रतिवेदन पेस गर्न जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम आगामी असोज ५ गते सरकारले आयोग गठन गर्ने र त्यसै दिनदेखि कार्य प्रारम्भ गर्ने सहमति भएको छ ।

गत साउन ३ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसरबाट बाहिरिएको सुन राजस्व अनुसन्धान विभागले सिनामङ्गलबाट बरामद गरेको थियो । सुन प्रकरणलाई लिएर गत साउन १० गतदेखि प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)ले लगातार सदनमा अवरोध गर्दै आएको थियो । बुधबारको सहमतिपछि अब सदनको अवरोध हट्ने विश्वास लिइएको छ ।

> **सुन प्रकरणलाई लिएर गत साउन १० गतदेखि प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)ले लगातार सदनमा अवरोध गर्दै आएको थियो । बुधबारको सहमतिपछि अब सदनको अवरोध हट्ने विश्वास लिइएको छ ।**

आयोगले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले गरिरहेको कामलाई कुनै प्रभाव नपार्ने विश्वास लिइएको छ । आगामी महिना गठन हुने आयोगले नीतिगत रूपमा गर्नुपर्ने सुधार तथा सुझावसमेत सरकारलाई दिनेछ । सहमतिअनुसार केन्द्रीय अनुसन्धान ब्यूरोले नै निष्पक्ष अनुसन्धान, छानबिन गरी सुन तस्करीमा संलग्नलाई कारबाहीको दायरामा ल्याउने र अभियोजन गर्नेछ ।

सहमतिपत्रमा नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखक, नेकपा (एमाले)का प्रमुख सचेतक पदम गिरी, नेकपा (माओवादी केन्द्र)का मुख्य सचेतक हितराज पाण्डे, राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक सन्तोष परियार, राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रमुख सचेतक ज्ञानबहादुर शाही, जनता समाजवादी पार्टीका प्रमुख सचेतक प्रदीप यादव र जनमत पार्टीका प्रमुख सचेतक अब्दुल खानले हस्तक्षर गर्नुभएको छ ।

बैठकमा प्रधानमन्त्री दाहाल, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली लगायतका शीर्ष नेताको सहभागिता थियो । रासस

# दबाबपछि गठन हुन्छ आयोग
# प्रतिवेदनको कार्यान्वयन पक्ष निराशाजनक

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले भदौ ४ गते बोलाएको राष्ट्रिय मान्यता प्राप्त दलहरूको बैठकले सुन काण्डबारे छानबिन गर्न उच्चस्तरीय जाँचबुझ आयोग गठन गर्ने सहमति गऱ्यो । सोहीअनुसार असोज ६ गते सरकारले आयोग गठन गर्ने र त्यसै दिनदेखि कार्य प्रारम्भ गर्नेगरी बुधबार लिखित सहमति नै भएको छ ।

'विदेशबाट इलेक्ट्रिक सिगरेटमा सुन राखी अवैध पैठारी (तस्करी) गरिएको, मिति २०८० श्रावण २ गते ब्रेक सुमा राखी अवैध पैठारी (तस्करी) गरिएको सुन लगायत पटक पटक सुन तस्करी भई मुलुकभित्र आइरहेको विषयलाई गम्भीरतापूर्वक लिई स्वतन्त्र र निष्पक्ष छानबिन गर्न र यस्तो तस्करीजन्य कार्यको पूर्ण रुपमा नियन्त्रण गर्न मौजुदा कानूनमा गर्नुपर्ने परिमार्जन, संरचनागत सुधार र पटक पटकको सुन तस्करी सम्बन्धमा भएका छानबिन अनुसन्धानबारे समेत अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम असोज ६ गते नेपाल सरकारले आयोग गठन गरी त्यसै दिनदेखि आयोगले कार्य प्रारम्भ गर्नेछ', सहमतिपत्रमा भनिएको छ ।

हाल सुन तस्करीको विषयमा सीआईबीले अनुसन्धान गरिरहेको छ । त्यसैलाई मध्यनजर गरी राष्ट्रिय मान्यता प्राप्त दलको बैठकले सुन तस्करी प्रकरणको केन्द्रीय अनुसन्धान ब्युरोले निष्पक्ष अनुसन्धान, छानबिन गरी त्यसमा संलग्न व्यक्तिहरूलाई अभियोजन गर्ने सहमति समेत गरिएको छ ।

नेकपा एमालेले यसबारे थप छानबिन हुनुपर्ने भन्दै उच्चस्तरीय जाँचबुझ आयोग गठन गर्नुपर्ने माग गर्दै आएको थियो भने यही विवादका कारण संसद् समेत साउन १० गते अवरुद्ध हुँदै आएको थियो । यसबारे दलहरुबीच सहमति भएसँगै आयोगले गर्ने अनुसन्धानमाथि प्रश्न उठ्न थालेको छ । यसअघि पनि यस्ता थुप्रै आयोग गठन नभएका होइनन् तर आयोगले बुझाएका अधिकांश प्रतिवेदन मन्त्रालयको दराजमा थन्केर बसेका छन् । आयोगले आफ्नो प्रतिवेदन सरकारलाई बुझाए पनि कार्यान्वयन भएको देखिँदैन ।

बेलाबेलामा ती आयोगका प्रतिवेदन कार्यान्वयनका लागि माग उठ्दै आएको छ । कतिपय आयोगका प्रतिवेदन सार्वजनिक गर्न मागसहित आन्दोलन पनि भए तर न प्रतिवेदन सार्वजनिक गरियो न त कार्यान्वयन नै भयो । लाल आयोग, मल्लिक आयोग, रायमाझी आयोग, वाइडबडी काण्ड जाँचबुझ आयोगलगायतले छानबिन गरेको प्रतिवेदन सार्वजनिक गर्न र दोषीमाथि कारबाही गर्न पटकपटक माग भइरहेको छ । तर हालसम्म त्यस्ता प्रतिवेदन सरकारको दराजबाट बाहिर आएको छैन ।

सुन काण्डको विषयमा छानबिन गर्न बनाउने आयोगले पनि निष्पक्ष छानबिन गरी प्रतिवेदन बुझाएमा त्यो कार्यान्वयन हुन्छ भन्नेमा धेरैले आशंका गरेका छन् । यी विभिन्न आयोगको बारेमा अध्ययन अनुसन्धान गरेका अधिवक्ता दीपेन्द्र झाले नेपालमा गठन भएको अधिकांश आयोग प्रभावहीन भएको जनाएका छन् । उनको अध्ययनले यस्ता आयोगले दण्डहीनता कम गराउनुको सट्टा बढाएको उजागर गरेको छ । कतिपय अवस्थामा सरकारले दोषी व्यक्तिलाई निर्दोष बनाउन र सरकारमाथि आइपरेको दबाब र संकटलाई कम गर्न पनि यस्ता आयोग गठन गरिएको निष्कर्ष अधिवक्ता झाले निकालेका छन् ।

सरकारले अधिकांश आयोग जनताको दबाब, पीडित लगायत अन्यको दबाबलाई थेग्न नसकेर गठन गरेका हुन्छन् । सुन काण्डका बारेमा पनि त्यसरी नै आयोग गठन हुन लागेको हो । सरकारलाई आयोग गठन गर्ने इच्छा नहुँदा नहुँदै पनि प्रमुख प्रतिपक्ष दल एमालेको दबाब थेग्न नसकेर आयोग गठन गर्न सरकार तयार भएको उनको भनाइ छ । यसअघि विभिन्न आयोग पनि त्यसरी नै गठन गरिएका हुन् । मधेस आन्दोलनको विषयमा छानबिन गर्न बनेको आयोग होस् या जनआन्दोलनमा भएको जनधन क्षतिको बारेमा अध्ययन गर्न बनेको आयोग होस्, ती सबै जनस्तरबाट आएको दबाबलाई दबाउनका लागि गठन गरिएका हुन् । ती आयोगले प्रतिवेदन बुझाए पनि हालसम्म कार्यान्वयनमा आएको छैन ।



मधेश तथा थरुहट आन्दोलनको बारेमा छानबिन गर्न पूर्व न्यायाधीश गिरिशचन्द्र लालको संयोजकत्वमा गठन भएको आयोगले पनि आफ्नो प्रतिवेदन तयार गरेर सरकारलाई बुझायो तर हालसम्म त्यो प्रतिवेदन सार्वजनिक गरिएको छैन । न त आयोगको प्रतिवेदन अनुसार कारबाही प्रक्रिया नै अघि बढेको छ । लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न मधेस केन्द्रित दलहरूले संसद, सरकार र सडकसम्म आवाज उठाउँदै आएका छन् तर हालसम्म त्यो कार्यान्वयनमा आएको छैन । तत्कालीन संयुक्त लोकतान्त्रिक मधेसी मोर्चासहितको गठबन्धनले उठान गरेका माग सम्बोधन गर्दै सरकारले पूर्व न्यायाधीश गिरिशचन्द्र लालको संयोजकत्वमा आयोग गठन गरेको थियो ।

अयोगका अध्यक्ष रहेका लालले भने, 'आयोगले दिएको प्रतिवेदन सार्वजनिक गर्नाले देश र जनतालाई कुनै हानी हुने छैन बरु यसले समावेशी र देशमा सुरक्षाको प्रत्याभूति गराउने छ ।' आयोगको प्रतिवेदनले कसैलाई दण्ड, सजाय तोक्न सक्दैन । आयोगले सरकारलाई सुझाव दिन सक्छ र त्यसका आधारमा प्रचलित कानुन अनुसार दोषीमाथि कारबाही हुन सक्ने लाल बताउँछन् । जनताको दबाबलाई सम्बोधन गर्न आयोगहरू गठन हुन्छन् तर त्यसको प्रतिवेदन सार्वजनिक नहुँदा बेलाबेलामा राजनीतिक दबाब पनि आउने गरेको उनले बताए ।

वरिष्ठ अधिवक्ता एवं पूर्व महान्यायाधिवक्ता मुक्ति प्रधानले आयोगहरू गठन हुने गरे पनि त्यसको प्रतिवेदन गायब हुने गरेको टिप्पणी गरे । उनले भने, 'राज्य आफैँ अध्ययन अनुसन्धान गर्न सक्षम छ, थप आयोग गठन गर्ने आवश्यकता नै छैन तर विभिन्न खालको दबाबलाई पन्छाउन बाध्य भएर त्यस्ता आयोग गठन हुने गरेका छन्, जसको कुनै औचित्य नै छैन ।' उनले मल्लिक आयोग, रायमाझी आयोग, लाल आयोगका प्रतिवेदन कहाँ छन् र अहिलेसम्म किन सार्वजनिक गरिएन भन्ने प्रश्नसमेत गरे । त्यसो त राजाको सक्रिय शासनकालमा शाही आयोग पनि गठन भएको थियो तर त्यो प्रतिशोधपूर्ण रहेको वरिष्ठ अधिवक्ता प्रधान बताउँछन् । उनले तत्कालका लागि समस्या समाधान गर्न आयोग गठन गरे पनि पछि त्यही आयोगको प्रतिवेदन नै सरकारका लागि समस्या हुने गरेको बताए । आयोगका प्रतिवेदनले सरकारलाई झन कमजोर बनाउने गरेको दाबी गर्दै उनले बेलाबेलामा विभिन्न मुद्दालाई डाइभर्टसमेत गर्ने गरेको प्रस्ट पारे ।

मधेश मुक्ति जनतान्त्रिक पार्टीका नेताको मृत्युबारे अध्ययन गर्न २०६६ सालमा गृह मन्त्रालयका तत्कालीन सचिव शंकरप्रसाद कोइरालाको संयोजकत्वमा आयोग गठन भएको थियो । आयोगले प्रतिवेदन बुझाए पनि कार्यान्वयन भएको छैन । २०६६ सालमै एक जना महिला प्रहरीमाथि भएको सामूहिक बलात्कार घटनाको बारेमा छानबिन गर्न बनेको आयोगले प्रतिवेदन बुझायो तर त्यो अझै कार्यान्वयन भएको छैन । २०६६ मै सप्तरीका अखलेन्द्र यादव हत्याको विषयमा तत्कालीन गृह सचिव कोइरालाको नेतृत्वमा छानबिन आयोग गठन भयो । त्यसले पनि आफ्नो प्रतिवेदन बुझायो तर हालसम्म कार्यान्वयनमा आएको छैन । माओवादी नेता राजेन्द्र फुयाँलको हत्या सम्बन्धमा पनि छानबिन गर्न आयोग गठन भएको थियो । त्यसको हालत पनि त्यस्तै भयो । तत्कालीन मधेसी जनअधिकार फोरमका युवा नेता जितेन्द्र साह बेपत्ता भएकोबारेमा छानबिन गर्न आयोग गठन भएको थियो तर उक्त आयोगले प्रतिवेदन बुझाए पनि हालसम्म न त्यसको कार्यान्वयन भएको छ, न जितेन्द्र साह फेला परेका छन् ।

२०६५ मा पत्रकार जगत प्रसाद जोशीको हत्याबारे अध्ययन गर्न पनि आयोग गठन भएको थियो तर त्यसको प्रतिवेदन पनि हालसम्म कार्यान्वयन भएको छैन । कांग्रेस नेता प्रदीप खड्काको मृत्युको बारेमा छानबिन गर्न आयोग बन्यो । आयोगले प्रतिवेदन बुझाए पनि अझै कार्यान्वयनमा आएको छैन । २०६४ मा कपिलवस्तुमा भएको आगजनी तथा लुटपाटबारे अध्ययन गर्न न्यायाधीश लोकेन्द्र मल्लिकको नेतृत्वमा गठित आयोगले पनि छानबिन गरेर प्रतिवेदन बुझायो तर प्रतिवेदन अझै सार्वजनिक गरिएको छैन ।

जबरजस्ती बेपत्ता पारिएका व्यक्तिसम्बन्धी उच्चस्तरीय छानबिन आयोग नरेन्द्रबहादुर न्यौपानेको अध्यक्षतामा गठन भयो । तर काम नै नगरी आयोग विघटन भएको थियो । तत्कालीन मधेसी जनअधिकार फोरम नेपालले मोरङ, सुनसरी, सिरहा, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपरासी, रुपन्देही, कपिलवस्तु लगायतको ठाउँमा गरेको आन्दोलन र त्यसबाट भएको क्षतिको बारेमा अध्ययन गर्न न्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा उच्चस्तरीय छानबिन आयोग गठन गरिएको थियो । आयोगले प्रतिवेदन बुझाए पनि हालसम्म त्यसको अत्तोपत्तो छैन ।

> **गौर घटनाको बारेमा अध्ययन गर्न न्यायाधीश हरिप्रसाद घिमिरेको संयोजकत्वमा छानबिन आयोग बनेको थियो तर सरकारले हालसम्म त्यो प्रतिवेदन सार्वजनिक गरेको छैन । १७ वर्षपछि सरकारले पुनः त्यो घटनाको फाइल खोलेको छ । गृह मन्त्रालयले त्यसको बारेमा छानबिन सुरु गरेको छ । तर तत्कालीन मधेसी जनअधिकार फोरम (हाल जनता समाजवादी पार्टी)ले त्यो घटनाको सत्य तथ्य छानबिनका लागि उच्चस्तरीय संसदीय छानबिन समिति गठनको माग गरेको छ । साथै जसपाका अध्यक्ष उपेन्द्र यादवले विगतमा त्यो घटनालाई लिएर भएका विभिन्न छानबिनका प्रतिवेदन सार्वजनिक गर्न पनि माग गरेका छन् ।**

गौर घटनाको बारेमा अध्ययन गर्न न्यायाधीश हरिप्रसाद घिमिरेको संयोजकत्वमा छानबिन आयोग बनेको थियो तर सरकारले हालसम्म त्यो प्रतिवेदन सार्वजनिकगरेकोछैन।१७वर्षपछिसरकारले पुनः त्यो घटनाको फाइल खोलेको छ । गृह मन्त्रालयले त्यसको बारेमा छानबिन सुरु गरेको छ । तर तत्कालीन मधेसी जनअधिकार फोरम (हाल जनता समाजवादी पार्टी)ले त्यो घटनाको सत्य तथ्य छानबिनका लागि उच्चस्तरीय संसदीय छानबिन समिति गठनको माग गरेको छ । साथै जसपाका अध्यक्ष उपेन्द्र यादवले विगतमा त्यो घटनालाई लिएर भएका विभिन्न छानबिनका प्रतिवेदन सार्वजनिक गर्न पनि माग गरेका छन् ।

तत्कालीन एमालेका नेता हेमनारायण यादवको हत्या २०६० माघ १९ गते भएको थियो । प्रतिनिधिसभा पुनः स्थापनापछि कांग्रेसका तत्कालीन सांसद आनन्द ढुङ्गानाको संयोजकत्वमा उच्चस्तरीय छानबिन आयोग गठन गरिएको थियो । त्यो आयोगले आफ्नो प्रतिवेदन सरकारलाई बुझाए पनि हालसम्म त्यसको कार्यान्वयन भएको छैन । यसरी छानबिनका लागि दर्जनौँ आयोग तथा समिति बने पनि कार्यान्वयनमा किन आउँदैन त भन्ने प्रश्नमा अधिवक्ता सुरेशकुमार कार्की भन्छन्, 'आयोगको प्रतिवेदनको आधारमा कसैले कसैलाई कारबाही गर्न सकिँदैन, आयोगको प्रतिवेदन भनेको एउटा सुझाव हो, राज्यलाई सुझाव दिन्छन् तर राज्यको कुनै निकायले त्यसको आधारमा कारबाही गर्न सक्दैन । त्यसैले आयोगहरूको प्रतिवेदन प्रायः सार्वजनिक नहुने गरेको हो ।'

अहिले पनि एमालेले सुन काण्ड छानबिनका लागि आयोग गठनको माग गरेको छ तर आयोग गठन भएर दिने प्रतिवेदनका आधारमा कसैलाई कारबाही गर्न नसकिने उनले प्रस्ट पारे । उनले भने, 'अध्ययन हुन्छ, दोषी ठहरिन्छ, राज्यलाई जानकारी हुन्छ, त्यति हो । ती दोषीलाई कारबाही गर्नका लागि अधिकार प्राप्त निकाय, प्रहरी वा अन्य निकायले मात्र अनुसन्धान गरेर कारबाही गर्न सक्छ ।'

आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने कानुनी व्यवस्था नै छैन, आयोगले दिएको प्रतिवेदन अनुसार कारबाही गर्ने हो भने नियमावली, कानुनहरू बनाउनुपर्ने उनको भनाइ छ । तर त्यसको व्यवस्था नेपालमा नभएकाले आयोगले दिएका प्रतिवेदन दराजमा थन्किएको उनले बताए । कार्कीले भने, 'आयोगले दिएको प्रतिवेदनको आधारमा कुनै कानुन बनाउन सहयोग पुग्न सक्छ, प्रहरी तथा अनुसन्धान गर्ने निकायलाई सहयोग पुग्न सक्छ तर त्यो प्रतिवेदनको आधारमा कसैलाई केही गर्न सकिँदैन ।'

हवाई जहाज दुर्घटना होस् वा देशमा कुनै ठुलै घटना भएको होस्, त्यसका बारेमा छानबिन गर्न उच्चस्तरीय आयोग गठन गर्ने प्रचलन छ । आयोगले दिएको प्रतिवेदनका आधारमा अन्य कानुन, मापदण्ड तथा विधि, विधान बनाउन सकिने भए पनि आयोगको प्रतिवेदन कार्यान्वयनमा ल्याएको कहीँ नदेखिएको अधिवक्ता कार्कीले बताए । अहिलेसम्म सबैभन्दा बढी चर्चामा रहेको मल्लिक आयोगको प्रतिवेदनको आधारमा अझै दोषीलाई कारबाही भएको छैन । २०४६ को जनआन्दोलनमा भएको धनजनको क्षतिको बारेमा छानबिन गर्न न्यायाधीश जनार्दन लाल मल्लिकको संयोजकत्वमा गठन भएको आयोगले दिएको प्रतिवेदन अनुसार २०४६ को जनआन्दोलनमा ४५ जनाको मृत्यु र २३ हजार घाइते भएका थिए ।

प्रतिवेदनमा कतिपयलाई दोषी देखाइको थियो तर तीमध्ये कसैलाई पनि कारबाही भएको कुरा हालसम्म बाहिर आएको छैन । २०६२/०६३ मा भएको जनआन्दोलन-२ मा भएको धनजनको क्षतिको बारेमा अध्ययन गर्न न्यायाधीश कृष्णजङ्ग रायमाझीको नेतृत्वमा उच्चस्तरीय जाँचबुझ आयोग गठन भएको थियो । सो आयोगले सांसदलाई आफ्नो प्रतिवेदन बुझायो तर सार्वजनिक गरिएन । न त उक्त आयोगको प्रतिवेदनको आधारमा कसैलाई कारबाही भयो । पोखरामा भएको यती एयरको जहाज दुर्घटनाबारे छानबिन गर्न २०७९ माघ १ गते पाँच सदस्यीय जाँच आयोग गठन भएको थियो । मन्त्रिपरिषद्को आकस्मिक बैठकले गैरसैनिक हवाई उडान दुर्घटना जाँच नियमावली २०७१ बमोजिम छानबिन गर्न आयोग बनाउने निर्णय गरेको थियो । आयोगले प्रारम्भिक प्रतिवेदन बुझाएको छ । त्यसका आधारमा थप जाँचबुझ भए पनि कसैलाई कारबाही भएको छैन ।

त्यतिमात्र होइन, २०७६ मा नेपाल वायुसेवा निगमका लागि खरिद गरिएको वाइड बडी विमानको विषयमा संघीय संसदको सार्वजनिक लेखा समितिमा उपसमितिको प्रतिवेदन पेस भएको थियो । त्यस लगतै तत्कालीन सरकारले अर्को उच्चस्तरीय जाँचबुझ आयोग गठन गऱ्यो । त्यतिबेला संसदीय समितिले प्रतिवेदन सार्वजनिक गर्नुअघि नै सरकारले त्यसलाई प्रभाव पार्नका लागि आयोग गठन गरेको भनि सरकारको निकै आलोचना भएको थियो । पूर्व न्यायाधीश गोविन्दप्रसाद पराजुलीको संयोजकत्वमा तीन सदस्यीय उच्चस्तरीय जाँचबुझ आयोग गठन भएको थियो ।

सरकारले पछिल्लो समय मिटरब्याज पीडितको समस्या समाधान गर्न छानबिन आयोग गठन गरेको थियो । त्यसले बुझाएको प्रतिवेदनका आधारमा पीडितको बारेमा छानबिन भयो र कानुन पनि निर्माण भयो ।

# प्रधानमन्त्रीद्वारा सदन खुलाउन शीर्ष नेतासँग छलफल

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले संसद्मा देखिएको अवरोध हटाउने विषयमा राष्ट्रिय मान्यता प्राप्त दलका शीर्ष नेतासँग छलफल गर्नुभएको छ । छलफलमा नेकपा (माओवादी केन्द्र), नेपाली कांग्रेस र प्रमुख प्रतिपक्षी नेकपा (एमाले)का शीर्ष नेतासहित ती दलका प्रमुख सचेतक सहभागी हुनुहुन्छ ।

सिंहदरबास्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा भएको छलफलमा कांग्रेसका सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी शर्मा ओली, उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्का, उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, एमाले उपाध्यक्ष सुवास नेम्वाङ सहभागी हुनुहुन्छ ।

यस्तै नेकपा (माओवादी केन्द्र)का मुख्य सचेतक हितराज पाण्डे, कांग्रेसका प्रमुख सचेतक रमेश लेखक, एमालेका प्रमुख सचेतक पदम गिरी, राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक सन्तोष परियारलगायत सहभागी हुनुहुन्छ । छलफल जारी छ । रासस

# एमाले सम्पूर्ण संसदीय प्रक्रियामा सक्रिय हुन्छ : सचिव भट्टराई

काठमाण्डु । नेकपा (एमाले)का सचिव एवं सांसद योगेशकुमार भट्टराईले संसदीय प्रक्रियामा आफ्नो पार्टी सक्रियरूपमा सहभागी हुने विश्वास व्यक्त गर्नुभएको छ ।

प्रतिनिधिसभाको वुधबारको बैठकको विशेष समयमा बोल्दै सचिव भट्टराईले एमाले पार्टीले संसद् अवरोध गऱ्यो भनेर हल्ला फिँजाइएको भन्दै सम्पूर्ण संसदीय प्रक्रियामा एमालेले नियमितरूपमा भाग लिने विश्वास व्यक्त गर्नुभयो ।



"प्रतिनिधिसभा हाम्रा लागि प्रिय छ । हाम्रो आवाज उठाउन नदिएपछि संसद्को बैठक बस्न नसकेको हो । अवरुद्ध संसद् खुलाउन आज प्रधानमन्त्रीज्यूले जुन पहल लिनुभयो । संसद्मा प्रतिपक्षी दलका नेता, नेपाली कांग्रेसका सभापतिलगायतका अन्य दलका नेताले संसद्को भूमिका र गरिमा जोगाउन भूमिका खेल्नुभयो, म उहाँहरूको प्रशंसा गर्न चाहन्छु ।"

सचिव भट्टराईले संसद्को गतिविधि अगाडि बढाएर थाँती रहेका विधेयक पारित गराउनेतर्फ सबै राजनीतिक दल जिम्मेबार बन्नुपर्नेमा जोड दिनुभयो । उहाँले विधेयक प्रक्रिया अगाडि बढाउन पनि सरकारलाई अनुरोध गर्नुभयो । एमाले सचिव भट्टराईले काठमाडौँबाट पोखरा जाँदै गरेको यात्रुवाहक बस आज त्रिशूली नदीमा दुर्घटनाग्रस्त हुँदा दर्जन बढी व्यक्तिको निधन भएको तथा गएको साउन महिनामा देशका विभिन्न स्थानमा आएको बाढी पहिरोबाट दर्जनौँ सङ्ख्यामा नेपालीको निधन भएको भन्दै पीडित परिवारलाई राहत उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।रासस

# कार्यव्यवस्था परामर्श समितिको बैठक सकियो

काठमाण्डु । सङ्घीय संसद् प्रतिनिधिसभा कार्यव्यवस्था परामर्श समितिको बैठक सकिएको छ । बुधबार दलहरूबीच भएको सहमतिबारे उपप्रधान एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले सदनसमक्ष जानकारी गराउने र विशेष समयमा दलीय आधारमा प्रतिनिधिसभा सदस्यहरूले बोल्ने सहमति बुधबारको बैठकले गरेको छ ।

कार्यव्यवस्था परामर्श समितिको बैठकमा सभामुख देवराज घिमिरेले करिब एक महिनादेखि अवरुद्ध संसद् खुलाउन दलहरूबीच भएको सहमतिप्रति खुसी व्यक्त गर्नुभयो ।

सदन खोल्न आफूले पटक-पटक प्रधानमन्त्रीसहित शीर्ष नेताहरूसँग छलफल गरेको र प्रमुख सचेतकहरू तथा कार्यव्यवस्था परामर्श समितिमा पनि छलफल भएको उहाँले बताउनुभयो ।

संसदीय व्यवस्थामा दलहरूको भूमिका नै प्रमुख हुने र दलहरूले नै संसद्को गरिमा बढाउने गरी काम गर्नुपर्ने सभामुख घिमिरेको भनाइ छ । रासस

जनकपुर टुडे



# मध्य प्रदेश, राजस्थान र छत्तीसगढको चुनावी नतिजाले अर्को प्रधानमन्त्रीको बाटो तय गर्नेछ?

**मध्य प्रदेश, राजस्थान र छत्तीसगढ बाहेक दक्षिण भारतीय राज्य तेलंगाना र मिजोरममा यस वर्षको अन्त्यसम्ममा विधानसभा चुनाव हुनेछ। यी निर्वाचनलाई लिएर राजनीतिक उत्साहीहरु तीव्र भएका छन् । भारतीय जनता पार्टीले पनि दुई राज्यमा उम्मेदवारको पहिलो सुची सार्वजनिक गरेको छ, जसका कारण हलचल निकै बढेको छ ।**

**बीबीसी**

नयाँ दिल्ली । मध्य प्रदेश, राजस्थान र छत्तीसगढ बाहेक दक्षिण भारतीय राज्य तेलंगाना र मिजोरममा यस वर्षको अन्त्यसम्ममा विधानसभा चुनाव हुनेछ। यी निर्वाचनलाई लिएर राजनीतिक उत्साहीहरु तीब्र भएका छन् । भारतीय जनता पार्टीले पनि दुई राज्यमा उम्मेदवारको पहिलो सुची सार्वजनिक गरेको छ, जसका कारण हलचल निकै बढेको छ ।



कांग्रेसले उम्मेदवारको नामावली सार्वजनिक नगरे पनि भारतीय जनता पार्टीले चुनावको मिति घोषणा हुनुअघि नै मध्य प्रदेशमा ३९ र छत्तीसगढमा २१ उम्मेदवारको सूची सार्वजनिक गरेको छ। मध्य प्रदेशमा द्घण विधानसभा सीटहरू छन् भने छत्तीसगढमा ढण। राजस्थानमा द्दण्ण विधानसभा सीटहरू छन्। कतिपय विश्लेषकले यसलाई भारतीय जनता पार्टीको 'रणनीति' भनेका छन् भने कतिपयले यसलाई आ-आफ्नो तरिकाले व्याख्या पनि गरिरहेका छन् । कतिपयले यसलाई 'हतारमा उठाएको कदम' पनि भनेका छन् । कतिपय विश्लेषकले हिमाचल र कर्नाटकमा भएको विधानसभा चुनावमा कांग्रेसको जितलाई पनि यो हतारको कारण मानिरहेका छन् । भारतीय जनता पार्टी र कांग्रेस दुवैका लागि यी चुनावहरू धैरै महत्त्वपूर्ण छन्, किनकि अघिल्लो विधानसभा चुनावहरूमा कांग्रेसले मध्य प्रदेश, राजस्थान र छत्तीसगढ जितेको थियो।

यी राज्यहरूमा कुनै पनि तेस्रो राजनीतिक शक्ति नभएको अवस्थामा कांग्रेस र भारतीय जनता पार्टीबीच एकअर्काको प्रतिस्पर्धा छ। छत्तीसगढ र राजस्थानमा कांग्रेसको सरकार पाँच वर्षसम्म चल्दा मध्य प्रदेशमा उनीहरूको सरकार ढल्यो जब ज्योतिरादित्य सिन्धियाले संगठनको विरुद्ध विद्रोह गरे र आफ्ना समर्थकहरूसहित भारतीय जनता पार्टीमा सामेल भए। उनीसँगै कांग्रेसका २२ जना विधायक भारतीय जनता पार्टीमा प्रवेश गरेपछि सरकार ढलेपछि मध्य प्रदेशमा भारतीय जनता पार्टी पुनः सत्तामा आयो ।

**आमनिर्वाचनमा कतिको प्रभाव ?**

हिन्दी हार्टल्याण्डमा भएको विधानसभा चुनावको नतिजालाई सारा देशले नजिकबाट हेर्नेछ, किनभने तिनीहरूको नतिजा आउनेबित्तिकै आगामी लोकसभा चुनावमा के हुन्छ भन्ने केही सङ्केतहरू हुनेछन्। त्यसोभए यी राज्यहरूको नतिजाबाट यो मान्न सकिन्छ कि आम चुनावमा ऊँट कुन दिशामा बस्न सक्छ? कांग्रेसमा नजर राख्ने वरिष्ठ पत्रकार रशीद किदवईले त्यसो मानेनन्।

विधानसभा चुनावको 'भोटिङ प्याटर्न' आम निर्वाचनभन्दा पूर्णतया फरक भएको र केही समयपछि हुन लागेको आम निर्वाचनमा त्यसले कति प्रभाव पार्छ भन्ने आँकलन प्रदेश निर्वाचनको नतिजाले गर्नै नहुने उनीहरुको भनाइ छ । महिना। प्रभाव हुनेछ। किदवईले २०१४ को आम चुनावको उदाहरण दिँदै भने, 'त्यसबेला नरेन्द्र मोदीको लहरमा सवार भारतीय जनता पार्टीले आम चुनावमा एक किसिमले 'स्विप' गरेको थियो। केन्द्रमा प्रचुर बहुमतका साथ सरकार गठन भएको थियो, तर त्यसको लगत्तै दिल्लीमा विधानसभा चुनाव भयो, जसमा आम आदमी पार्टीले ठूलो बहुमत पायो। त्यसैले पाँच राज्य विशेष गरी राजस्थान, मध्य प्रदेश र छत्तीसगढको विधानसभा चुनावको नतिजाले आम चुनावमा असर पार्छ कि भनेर भन्न गाह्रो छ।

उनले ओडिशाको उदाहरण पनि उद्धृत गरे जहाँ बिजु जनता दल (बीजेडी) ले विधानसभामा जित्छ, जबकि भारतीय जनता पार्टीले लोकसभामा महत्त्वपूर्ण संख्यामा सीटहरू पाउँछ। राजनीतिक विश्लेषक विद्याभूषण रावतको भने फरक मत छ । २०१८ मा कांग्रेसले धेरै प्रदेश विधानसभा चुनाव जितेको उनको भनाइ छ, तर २०१९ मा भएको आम निर्वाचनमा भारतीय जनता पार्टीले ठूलो सिट पाएको कारण कांग्रेसभित्र कलह थियो । तर, यसपटकको विधानसभा चुनाव निकै महत्वपूर्ण हुने र यसको नतिजाले आम निर्वाचनमा पनि प्रभाव पार्ने उनको भनाइ छ ।

कसरी? सोध्दा उनी भन्छन्, 'विगतको निर्वाचनमा कांग्रेस कमजोर थियो । राहुल गान्धीको नेतृत्वमा प्रश्न उठिरहेका थिए तर केही वर्षमा राहुलमा राजनीतिक परिपक्वता देखिएको थियो। हिन्दी क्षेत्रका तीन राज्यमा कांग्रेसले राम्रो प्रदर्शन गरे वा जित्यो भने राष्ट्रिय स्तरमा बन्ने विभिन्न विपक्षी दलको नयाँ गठबन्धनले कांग्रेसको महत्वपूर्ण भूमिका खेल्ने छ र यसले कांग्रेसको कठिनाइ बढाउन सक्छ । भारतीय जनता पार्टी.. तर यदि कांग्रेस यी तीन राज्यमा सफल भएन भने, भाजपाले आम चुनावमा एक प्रकारको 'वाक ओभर' पाउनेछ, जसको मतलब उनीहरूलाई दिल्लीमा सत्तामा फर्कन सजिलो हुनेछ।"

राजनीतिक विश्लेषक तथा उज्जैनस्थित 'मध्य प्रदेश इन्स्टिच्युट अफ सोशल साइन्स एण्ड रिसर्च' का निर्देशक यतिंदर सिंह सिसोदिया भन्छन् कि यी तीन राज्यको विधानसभा चुनावको नतिजा पनि महत्वपूर्ण छ किनभने यदि लोकसभामा बीजेपीले सबैभन्दा बढी सिट ल्यायो भने। गुजरात र उत्तरप्रदेशपछि सभा।उनी फेला परे भने यही इलाकाबाट भेटिएकी थिइन्। बीबीसीसँग कुरा गर्दै उनी भन्छन्, 'यदि तीन राज्यमा बीजेपीले खराब प्रदर्शन गऱ्यो भने उत्तर प्रदेश, असम, गुजरात र उत्तराखण्ड जस्ता राज्य मात्रै बाँकी रहन्छ । यी तीन राज्यमा दुईवटा राजनीतिक दलको मात्रै वर्चस्व रहेकोले यहाँको नतिजाले लोकसभा चुनावमा विपक्षी दलको एकतालाई असर गर्ने निश्चित छ ।

सिसोदियाका अनुसार लोकसभामा भारतीय जनता पार्टीको दुई कार्यकाल पूर्ण बहुमतका साथ सत्तामा रहँदाको इतिहासको सुनौलो कार्यकाल हो। अर्कोतर्फ, कांग्रेसका लागि स्वतन्त्रतापछिको यो राजनीतिक चरण सबैभन्दा तल्लो तहमा छ, त्यसैले यी विधानसभा चुनावको नतिजाले कांग्रेस र भाजपा दुवैका लागि धेरै महत्त्वपूर्ण हुने उनीहरूको भनाइ छ।

**राजस्थान**

राजस्थानको राजनीति रोचक मोडमा पुगेको छ जहाँ कांग्रेस नेता सचिन पायलट र मुख्यमन्त्री अशोक गहलोतबीचको टक्कर चलिरहेको छ । अर्कोतर्फ, भारतीय जनता पार्टीकी वरिष्ठ नेता तथा पूर्व मुख्यमन्त्री वसुन्धरा राजे सिन्धियालाई पार्टीले कुनै पनि निर्वाचन समितिबाट टाढा राखेको छ । दुवै ठूला संस्थाको आन्तरिक असमझदारी अहिले जनताको सामुन्ने छ ।

पहिलो सूचीपछि छत्तीसगढ र मध्य प्रदेशमा भाजपा भित्रैबाट विरोधको आवाज आउन थालेको छ । मध्यप्रदेशमा पनि पार्टीका नेताहरुले सडकमै विरोध प्रदर्शन गरेका छन् । बरिष्ठ पत्रकार सञ्जय सक्सेनाका अनुसार बिजेपीले आन्दोलनलाई समयमै सम्बोधन गर्न सकियोस् भनेर यति चाँडो सूची जारी गरेको हो । अन्तिम समयमा नामावली सार्वजनिक भएको भए संगठनलाई विद्रोह र आन्दोलनको सामना गर्न गाह्रो हुने उनको भनाइ छ ।

जे होस्, विज्ञहरू भन्छन् कि राजस्थानमा दुबै पार्टीको उतारचढाव छ, ऐतिहासिक रूपमा राजस्थानका जनताले लामो समयदेखि कुनै पनि पार्टीलाई दोस्रो मौका दिएका छैनन्। उदाहरणका लागि, कांग्रेसले द्दण्ण्ड र द्दण्ज्ञड को आम चुनाव जित्यो, तर द्दण्ण-सीटको विधानसभामा बहुमतका लागि आवश्यक ज्ञण्ज्ञ सीटहरू कम भयो। कांग्रेसले स्वतन्त्र र अन्य साना दलका विधायकहरूको समर्थनमा सरकार चलाएको थियो।

निर्वाचन आयोगको तथ्यांकले देखाउँछ कि जहाँ २००८ मा कांग्रेस र भारतीय जनता पार्टीको मतको अन्तर मात्र ३ प्रतिशत थियो, त्यो अन्तर सन् २०१८ मा मात्र एक प्रतिशतमा झरेको अर्थात् घनिष्ट लडाइँ भएको थियो । तर २०१३ सालमा जब भारतीय जनता पार्टीले जित्यो, त्यतिबेला दुई दलको मतको अन्तर १० प्रतिशत थियो, त्यसबेला कांग्रेसले २१ सिट मात्रै पाएको थियो भने भारतीय जनता पार्टीले १६३ सिट ल्याएको थियो । त्यो ठूलो बहुमत थियो।

अहिले राजस्थानमा दुवै पार्टीले आफ्नो कार्ड खोल्न कुनै हतार गरेका छैनन् र हरेक कदमलाई निकै सावधानीपूर्वक अगाडि बढाइरहेका छन् । जे होस्, राजस्थानमा हरेक पाँच वर्षपछि सत्ता परिवर्तन हुने चलन छ र विश्लेषकहरू बताउँछन् कि यस पटकको चुनावमा कांग्रेसलाई धैरै चुनौतिहरू, सार्वजनिक रूपमा रहेको पार्टी भित्रको कलह र सत्ता विरोधी भावना। ।

**मध्य प्रदेश**

भारतीय जनता पार्टीले ३९ उम्मेदवारको पहिलो सूची सार्वजनिक गरेको छ, जसमध्ये अधिकांश क्षेत्रका दिग्गजहरू कांग्रेसको टिकटमा विजयी भएका सिट हुन्। जसमध्ये ३८ सिटमा कांग्रेसका विधायक छन् भने एक सिट बहुजन समाज पार्टीको अदालतमा छ । यी क्षेत्रहरू मूलतया आदिवासी बहुल छन् वा अनुसूचित जाति र अन्य पिछडिएका वर्गहरूको उच्च जनसंख्या छ। प्रदेश कांग्रेस कमिटीका मिडिया सेलका अध्यक्ष केके मिश्राले बीबीसीसँग कुरा गर्दै भाजपाले उम्मेदवारहरूको सूची जारी गरेको सिटहरू कांग्रेसका वर्तमान विधायकहरू रहेका सिटहरू हुन्। र सबैको आ-आफ्नो क्षेत्रमा ठूलो प्रभाव छ, जस्तै राउको सिटका जितु पटवारी, जसले आफ्नो 'भारत जोडो यात्रा' मा राहुल गान्धीलाई साथ दिए।

त्यस्तै, कासरवाडबाट पूर्वमन्त्री सचिन यादव, सोनकचबाट सज्जन सिंह वर्मा र मध्य प्रदेशको झाबुआबाट बलियो आदिवासी नेता कान्तीलाल भुरिया जस्ता विधायकहरू छन् जसलाई हराउन गाह्रो छ। भारतीय जनता पार्टीका प्रवक्ता हितेश वाजपेयीले पार्टीको यो कदमलाई 'चुनावको रणनीति' भन्दै आफ्ना उम्मेदवारले राम्रो प्रदर्शन गर्न नसकेको सिट यही भएको स्वीकार्छन् ।

उनी भन्छन्, "यी सिटहरूमा कांग्रेसका विजयी विधायकहरूले चुनावको तयारी गर्न पर्याप्त समय पाएका छन्, त्यसैले हामीले यी सिटहरूमा उम्मेदवारहरूको सूची पनि जारी गरेका छौं ताकि उनीहरूले कांग्रेसलाई टक्कर दिन तल्लो तहमा काम सुरु गर्न सकून्। दिनु हरेक चुनावको आ-आफ्नै प्रभाव हुन्छ । त्यही अनुसार चुनाव लड्ने रणनीति पनि बनाइएको छ । हामीले पनि त्यही गरिरहेका छौं । बरिष्ठ पत्रकार सञ्जय सक्सेनाले हिमाचल प्रदेश र कर्नाटक विधानसभा चुनावमा पराजयबाट पाठ लिएर भाजपाले हिन्दी हार्टल्याण्डका तीन राज्यमा 'कुनै किसिमको जोखिम' लिन नचाहेको बताउँछन् ।

बीबीसीसँग कुरा गर्दै उनी भन्छन्, 'सम्भवतः त्यही भएर निर्वाचन आयोगले निर्वाचनको मिति घोषणा नगरेको हो, पक्कै पनि दुई राज्यमा उम्मेदवारको पहिलो सूची सार्वजनिक गरेर भाजपाले चुनावको तयारी गरिरहेको संकेत गर्न खोजेको हो । कांग्रेसको चुनाव धेरै अगाडि।

गत वर्षको विधानसभा चुनावमा भारतीय जनता पार्टी र कांग्रेसबीच कडा प्रतिस्पर्धा भएको थियो। यो अर्को कुरा हो कि कांग्रेसले ज्ञज्ञढ्ढ सिट पाएको थियो भने भाजपाले ज्ञण्ढ सिट पायो तर दुवै पार्टीको भोट शेयर लगभग बराबर थियो, भाजपाको भोट शेयर द्धज्ञ.ण्द्द प्रतिशत थियो, जबकि कांग्रेसको द्धण.डढ प्रतिशत थियो।

तर, अघिल्लो चुनावमा भाजपा र कांग्रेसबीचको भोटमा ठूलो अन्तर देखिएको छ । यतिन्दर सिंह सिसोदियाले भोटको एक प्रतिशतको अन्तरले धेरै सिटको नतिजालाई असर गर्ने भएकाले दुवै पार्टीले सक्दो प्रयास गरिरहेको बताउँछन् ।

**छत्तीसगढ**

पछिल्लो विधानसभा चुनावमा भारतीय जनता पार्टीको पराजय यति ठूलो थियो कि ९० सिटमध्ये १५ सिटमा सिमित भयो। सन् २००० मा मध्यप्रदेशबाट छुट्टिएपछि यस राज्यमा भाजपाले कहिल्यै पनि यस्तो लज्जास्पद हार बेहोरेको थिएन। छत्तीसगढमा गत विधानसभा चुनावमा पनि भाजपाको भोट शेयरमा भारी गिरावट आएको थियो। द्दण्ज्ञड विधानसभा चुनावमा, बीजेपीको भोट शेयर घद्द.द्दढ मा आयो जबकि कांग्रेसले टड सीट जित्यो र यसको भोट शेयर द्धघ.ण्द्ध थियो।

यसअघि सन् २००८ र २०१३ को विधानसभा चुनावमा भाजपाले जित हासिल गरेको थियो तर कांग्रेससँग उसको कडा टक्कर थियो। चुनावको घोषणा हुनुअघि नै भाजपाले २१ सिटका लागि उम्मेदवारको सूची सार्वजनिक गरेको छ, जसमा सबैभन्दा महत्वपूर्ण नाम पाटन विधानसभा सीटबाट सांसद विजय बघेलको छ । यो सिट गत विधानसभा चुनावमा मुख्यमन्त्री भुपेश बघेलले जितेका थिए । विजय बघेल दुर्गबाट भाजपा सांसद हुन् र उनी कांग्रेसका मुख्यमन्त्री भूपेश बघेलका नातेदार पनि हुन्।

दोस्रो सीट रामानुजगञ्जको हो, जहाँ पूर्व राज्यसभा सांसद रामविचार नेतामलाई पार्टीले उम्मेदवार घोषणा गरेको छ। नेताम कद्दावार आदिवासी नेता हुन् र उनी भारतीय जनता पार्टीको अनुसूचित जनजाति मोर्चाका अध्यक्ष पनि भइसकेका छन्।

छत्तीसगढ कंग्रेस कमिटीका प्रवक्ता आरपी सिंहले मध्य प्रदेशमा जस्तै भाजपाले हारेको सिटका लागि उम्मेदवार घोषणा गरेको बताउँछन्। बीबीसीसँग कुरा गर्दै उनले यी उम्मेदवारहरूलाई 'बलिको बोका' भने र छत्तीसगढ राज्य जहाँ कांग्रेस 'सबैभन्दा बलियो स्थिति'मा रहेको दाबी गरे। यसबारे छत्तीसगढ बीजेपीका वरिष्ठ नेता अजय चन्द्राकारले भने कि संगठनले यी सिटका लागि उम्मेदवार घोषणा गरिसकेको छ ताकि उनीहरूलाई तयारीको पूर्ण अवसर मिलोस्। उनले विजय बघेललाई उम्मेदवार बनाएपछि अब मुख्यमन्त्रीले सोही सिटबाट चुनाव लड्ने वा आफैंले अर्को सिट खोज्ने भन्ने हेर्न बाँकी रहेको बताए ।

तर, पहिलो सूचीपछि छत्तीसगढ र मध्य प्रदेशमा भाजपा भित्रैबाट विरोधको आवाज आउन थालेको छ । मध्यप्रदेशमा पनि पार्टीका नेताहरुले सडकमै विरोध प्रदर्शन गरेका छन् । बरिष्ठ पत्रकार सञ्जय सक्सेनाका अनुसार बिजेपीले आन्दोलनलाई समयमै सम्बोधन गर्न सकियोस् भनेर यति चाँडो सूची जारी गरेको हो । अन्तिम समयमा नामावली सार्वजनिक भएको भए संगठनलाई विद्रोह र आन्दोलनको सामना गर्न गाह्रो हुने उनको भनाइ छ ।

# एसियाली खेलकुदको रग्बीमा नेपाल समूह 'ए' मा

काठमाण्डु । आगामी असोज ६ देखि २३ गतेसम्म चीनको हाङझावमा हुने १९औं एसियाली खेलकुदमा नेपाल पुरुष रग्बी सेभेन्समा समूह 'ए' मा परेको छ। नेपालसँगै उक्त समूहमा हङ्कङ चाइना र फिलिपिन्स रहेका छन् ।

नेपालले पुरुष रग्बीमा मात्र सहभागिता जनाउँदै छ । पुरुष रग्बीमा जम्मा १२ राष्ट्रका खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । सहभागी टिमलाई चार समूहमा विभाजन गरी लिग कम नकआउट आधारमा खेल खेलाइने भएको छ । यसैगरी समूह 'बी'मा दक्षिण कोरिया, मलेसिया र चाइनिज ताइपेइ, समूह 'सी' मा जापान, सिङ्गापुर र थाइल्यान्ड तथा समूह 'डि' मा युनाइटेड अरब इमिरेटस् (युएई), चीन र अफगानिस्तान छन् ।

रग्बीका खेलहरू सेप्टेम्बर २४ तारिखदेखि सुरु हुनेछन् । विराट श्रेष्ठको कप्तानीमा रहेको नेपाली टोलीले त्यसै दिन आफ्नो समूह चरणको दुवै खेल खेल्ने छ। नेपालले पहिलो खेल फिलिपिन्स तथा दोस्रो खेल हङ्कङविरुद्ध खेल्ने छ । हाङझाव एसियाड सेप्टेम्बर २३ तारिखदेखि सुरु हुँदैछ ।

एसियाली खेलकुदमा नेपालले पहिलोपटक रग्बीमा सहभागिता जनाउन लागेको हो । नेपालको सहभागिता पुरुषमा मात्र रहेको छ। १२ सदस्यीय खेलाडी टोलीलाई श्रीलङ्काका सन विजेसिङ्घेले प्रशिक्षण दिइरहनुभएको छ ।

नेपाली टोलीमा विराट श्रेष्ठ (कप्तान), विवेश बासु, विक्रम पुरी, विक्रम भारती, झुकेन्द्र राई, नवीन महर्जन, निरोज कार्की, पुजन फेवाली, सविन महत, श्रीराम श्रेष्ठ, सुजन कुमाल र यदु अधिकारी छन् । रासस

# टी-२० सिरिजमा नेपालको लगातार दोस्रो जित

**टुडे समाचारदाता**

काठमाण्डु । चार देशबीचको टी-२० सिरिजमा नेपालले लगातार दोस्रो खेलमा जित हात पारेको छ। बुधबार मलेसियाको बायुमास ओभलमा भएको खेलमा नेपालले कुवेतलाई ३४ रनले हरायो। यसअघि मंगलबार भएको आफ्नो पहिलो खेलमा नेपालले हङकङ्लाई ६ विकेटले पराजित गरेको थियो।



बधुबार टस हारेर पहिले ब्याटिङ गरेको नेपालले ८ विकेट गुमाएर ८९ रन जोड्यो। नेपालका लागि विन्दू रावलले २० रन र इन्दू बर्माले २३ रन बनाए। काजल श्रेष्ठले नटआउट १९ रनको योगदान दिइन्।

बलिङमा कुवेतकी मरियमना हैदरले ४ विकेट लिइन्। ९० रनको लक्ष्य पछ्याएको कुवेतले २० ओभरमा ८ विकेट गुमाएर ५५ रन मात्र जोड्न सक्यो।

कुवेतकी जीफी जिलानीले ११ रन र खाजिदा खलिलले १० रन जोड्दा अन्य ब्याटर दोहोरो अंकमा रन नजोड्दै आउट भए। बलिङमा नेपालकी इन्दू बर्माले ३ विकेट लिइन् भने खुसी डंगोलले २ विकेट हात पारिन्।

सिरिजमा अब नेपालले शुक्रबार आयोजक मलेसियासँग खेल्नेछ। त्यसपछि नेपालले आइसिसी महिला टी-२० विश्वकप एसिया छनोट खेल्नेछ।

मलेसियामा हुने प्रतियोगिताको समूह 'ए' मा नेपालसहित ६ टिमले प्रतिस्पर्धा गर्दैछन्। नेपाल, बहराइन, भुटान, मलेसिया, कतार र युएई समूह 'ए' मा छन्।

प्रतियोगितामा नेपालले आफ्नो पहिलो खेलमा अगस्ट ३१ मा आयोजक मलेसियासँग खेल्नेछ। समूह 'बी' मा ५ टिम छन्। प्रतियोगिताबाट दुई टिम विश्व छनोटमा पुग्नेछन्।

विश्वकप छनोटमा १० टिम सहभागी हुँदा २ टिमले सन् २०२४ मा बंगलादेशमा हुने महिला टी-२० विश्वकपमा स्थान पक्का गर्नेछन्।


।। हार्दिक समवेदना ।।



स्व. गुणानन्द झा

नेपाल निजामती कर्मचारी युनियन मधेश प्रदेश कार्यसमितिका कोषाध्यक्ष श्री सुमनकान्त झाको पुज्य पिता एवं प्रजातन्त्र सेनानी स्व. कुलानन्द झाको भाई नेपाली कांग्रेसको क्षेत्रीय प्रतिनिधी सप्तरी जिल्ला वोदेबर्साइन नगरपालिका वडा नं. ७ निवासी **गुणानन्द झा**को २०८० श्रावण २८ गते भएको निधनप्रति नेपाल निजामती कर्मचारी युनियन मधेश प्रदेश कार्य समिति परिवार गहिरो दुःख व्यक्त गर्दछ । वहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिर शान्तिको कामना साथ शोकसन्तप्त परिवारजनप्रति नेपाल निजामती कर्मचारी युनियन गहिरो सम्वेदना प्रकट गर्दछ ।

नेपाल निजामती कर्मचारी युनियन मधेश प्रदेश कार्यसमिति (परिवार)

# सिन्धुलीका युवा व्यावसायिक ड्रागन खेतीतर्फ आकर्षित



सिन्धुली । बाटो पहिल्याउन सके गाउँकै माटोमा पसिनाअनुसारको पैसा भेटिन्छ । टिप्न मिहेनत र परिश्रम गर्नुपर्छ, काम खोज्दै देश-विदेश भौँतारिरहनु पर्दैन, सिन्धुलीको दुधौली नगरपालिका-६ हर्षाही, बताहीका भरत काफ्लेलाई यसैको ज्वलन्त उदाहरणका रूपमा लिन सकिन्छ ।

उहाँले आफ्नै ठाउँमा बसेर गुणस्तरीय ड्रागन फलको फल र बिरुवा उत्पादन गर्नुहुन्छ । यसले पाँच जनाको काफ्ले परिवारलाई स्वरोजगार बनाएको छ । व्यावसायिक कृषि कर्मले एउटा परिवारलाई स्वरोजगार मात्रै होइन, देश नै समृद्ध बन्ने बुझाइ भएका काफ्ले परिवारले आकर्षक आम्दानी पनि गरिरहेका छन् ।

"यस वर्ष थोक मूल्यमा प्रतिकिलो पाँच सयका दरले छ चरणमा २० क्विन्टल फल बेच्दा रु १० लाख र बिरुवा बेचेर रु तीन लाख आम्दानी भइसकेको छ । चार हजार बिरुवा ग्राहक पर्खिएर नर्सरीमा बसिरहेका छन्," युवा किसान काफ्ले भन्नुभयो । बितेको दुई वर्षमा आठ कट्ठाबाट उत्पादन भएको फल बेचेर रु १३ लाख आम्दानी भएको उहाँले बताउनुभयो । काफ्ले परिवारको १८ कट्ठामा ड्रागन फ्रुटको खेती छ । नौ सय ३० ओटा पोलमा तीन हजार पाँच सय बिरुवा रोपिएको छन् । अहिले नौ सय बोटले फल दिइरहेका छन् । बिरुवा रोपेको पछिल्लो वर्षदेखि प्रतिबोटले वार्षिक १७ पटकसम्म उत्पादन दिने गरेको छ । उहाँले भन्नुभयो, "जेठदेखि कात्तिकसम्म महिनाको तीन पटकसम्म टिप्न सकिन्छ । रोपेको पहिलो वर्ष प्रतिबोट आठ किलोसम्म उत्पादन भएकोबाट बिरुवा रोपेको तेस्रो वर्षबाट प्रतिबोट ४५ किलोसम्म उत्पादन भइराखेको छ ।"

युवा किसान काफ्लेले प्रतिबिरुवा रु चार सय ५० मा किनेर रोपेको भए पनि उहाँले अहिले प्रतिबिरुवा रु दुई सयमा बिक्री गर्दै आउनुभएको छ । तीन वर्षअघि आफ्नो ठाउँको वातावरणमा सुहाउँदो जातको तीन सयवटा बिरुवा रोप्नु भएको थियो । बिरुवा रोपेको पछिल्लो वर्षदेखि ड्रागन फल फल्न थाल्यो । दुई वर्षमा रु १३ लाख आम्दानी भएपछि काठमाडौँमा खाद्यान्न पसल गरिरहेका काफ्लेलाई गाउँमै फर्किएर खेती विस्तार गर्न प्रेरित गऱ्यो ।

पसल सुरु गरेको दुई महिना बित्न नपाउँदै कोरोना कहरले कारोबार ठप्प भएपछि छोडेर गाउँ फर्किनुभएका काफ्लेलाई फेरि काठमाडौँ फर्किन मन लागेन । दुई वर्षदेखि उहाँ व्यावसायिक ड्रागन फल खेतीमा रमाइरहनु भएको छ । सुरुमा खेती लगाउन अलि खर्चिलो भए पनि बर्सेनि आम्दानी बढ्दै जाने भएकाले यो व्यवसायमा निराश हुनु नपर्ने उहाँको भनाइ छ ।

कृषि ज्ञान केन्द्र सिन्धुलीबाट रु दुई लाखको अनुदान लिएर दुई सय पोल थप्नुभएको उहाँले यसै वर्ष डेढ बिगाहमा खेती विस्तार गर्न लागेको बताउनुभयो । उहाँका अनुसार एक पटक रोपेको बिरुवाको आयु २५ वर्षभन्दा धेरै हुन्छ । ड्रागन फलको एक सय ५३ प्रजातिको हुन्छन् । उहाँले रेड सायन जातको ड्रागन खेती विस्तार गरिरहनु भएको छ ।

व्यावसायिक ड्रागन फल खेती विस्तारदेखि बजारमा पुऱ्याउनेसम्मका धेरैजसो काम पाँच जनाको परिवारले धानेको छ । ड्रागन फलको बिरुवा उत्पादन, माटो तयार, रोप्ने तरिकादेखि उत्पादित फल र बिरुवाको बजारीकरणका सम्बन्धमा बुझ्न तथा अवलोकनका लागि कतिपय ठाउँबाट उहाँको मेहनती बहुउद्देश्यीय कृषि फर्म पुग्ने गर्दछन् । युट्युब र गुगलमा अध्ययन गरेकै भरमा पहिलोपटक दुधौलीमा ड्रागनको खेती सुरु गर्नुभएका युवा किसान काफ्ले यस खेतीका सम्बन्धमा तालिम नै दिन सक्ने हुनुभएको छ ।

ड्रागन खेती सुरु गर्दाको पहिलो सङ्घर्ष सुनाउँदै उहाँले भन्नुभयो, "आफूहरूले गोरु नपालेको र ट्र्याक्टरले जोतेर खेती गर्न बाटो नभएकाले छ कट्ठा खेत बाँझै बस्थ्यो । जोत्न नपर्ने र एक पटक रोपेपछि २५ वर्षभन्दा बढी ढुक्क हुने ड्रागन खेतीका बारेमा युट्युब र गुगलमा सर्च गरेर अध्ययन गरी काभ्रेको पाल्ले खेतमा भेषमान श्रेष्ठले लगाएको खेती हेरेँ र आफूले पनि सुरु गरेँ ।" त्यसपछि अनलाइन फारम भरेर हैदरवादसम्म पुगेर दुईमहिने तालिम लिएपछि व्यावसायिक रूपमा खेती सुरु गरेको उहाँको भनाइ छ ।

वातावरणमा अनुकूलताका आधारमा ड्रागनको जात पहिचान नगरी खेती गर्नाले कतिपय किसानको व्यवसाय घाटामा गएकाले गुणस्तरीय जातको बिरुवा ठाउँको हावापानी र माटोअनुसार मिल्दो पहिचान गर्न उहाँको सुझाव छ । उहाँका अनुसार आफूले बेच्ने गरेको ड्रागनले बिरुवा रोपेको १३ महिनामा फल दिन सुरु गर्छ । उहाँले वार्षिक रु छ लाखको बिरुवा बिक्री गर्दै आउनुभएको छ ।

उहाँको फर्ममा उत्पादन भएका फल र बिरुवा जिल्लाको स्थानीय तथा बाहिरी जिल्ला काभ्रे, भक्तपुर, ललितपुर र काठमाडौँका बजारहरूमा बिक्री हुँदै आएको छ । समयको मागअनुसार आधुनिक प्रविधिलाई पछ्याउँदै व्यावसायिक कृषि गरेर बजारको अभाव पूर्ति गर्न सके आफ्नो ठाउँको माटोमै मनग्य आम्दानी र कैयौँ अवसरहरू रहेका किसान युवा काफ्लेको बुझाइ छ ।

सरकारी, गैरसरकारी निकाय तथा सामाजिक रूपमा पनि किसान र कृषि पेसालाई हेपाइको दृष्टिले हेरिने भएकाले युवा पुस्तामा खेती, किसानी कर्ममा आकर्षण नभएको उहाँले बताउनुभयो । व्यावसायिक कृषिले मात्र समृद्ध नेपाल बन्ने भएकाले सरकारले देशका बेरोजगार युवालाई कृषिमा आकर्षित गर्ने तथा दिगो रूपमा व्यावसायिक खेती गर्न सहयोग गर्ने खालका कार्यक्रममा जोड दिनुपर्ने उहाँको सुझाव छ ।

पछिल्लो समय ड्रागन फल उत्पादनमा विशेषगरी जिल्लाका पढेलेखेका युवाहरू पनि आकर्षित भएका छन् । कृषि ज्ञान केन्द्र सिन्धुलीका सूचना अधिकृत श्रीकृष्ण अधिकारीले स्वादिष्टसँगै स्वास्थ्यवर्द्धक र बहुपयोगी फल ड्रागन जिल्लाका सबै स्थानीय तहहरूमा बिस्तारै फस्टाउँदै गएको र आवश्यक प्राविधि सहयोग प्रदान गर्रिँदै आएको बताउनुभयो । रासस

# एक महिनामै २६ हजारले घटे इन्टरनेटका ग्राहक, २० लाखले घटे मोबाइल प्रयोगकर्ता

टुडे समाचारदाता



काठमाण्डु । एक महिनामै इन्टरनेट प्रयोगकर्ताको संख्या २६ हजारभन्दा धेरैले घटेको छ। नेपाल दूरसञ्चार प्राधिकरणको एमआइएस प्रतिवेदनअनुसार गत चैतको तुलनामा वैशाखमा इन्टरनेट प्रयोगकर्ताको संख्या यो दरमा घटेको हो।

चैतमा विभिन्न सेवा प्रदायकका वायरलेस, केबल र फाइबर गरी कुल २६ लाख ७३ हजार ४ सय ७१ ग्राहक रहेका थिए। वैशाखमा यो संख्या घटेर २६ लाख ४७ हजार ३ सय ७९ मा सीमित भएको छ।

सबैभन्दा धेरै वर्ल्डलिंकको ग्राहक संख्या घटेको छ। वर्ल्डलिंकको प्रयोगकर्ता ७ लाख ७१ हजार रहेकोमा वैशाखमा ७ लाख ५२ हजारमा सीमित भएका हुन्। डिस होमका इन्टरनेट प्रयोगकर्ता ११ हजार २२ ले घटेर २ लाख २९ हजारमा सीमित भएका छन्। त्यस्तै, नेपाल टेलिकमको इन्टरनेट प्रयोगकर्ताको संख्या एक हजार ४ सय २४ ले घटेर २ लाख ८७ हजार एक सय ९० मा सीमित भएको छ।

मोबाइल प्रयोगकर्ताको संख्या पनि करिब ६ प्रतिशतले घटेको छ। चैतमा कुल ३ करोड ५८ लाख ९१ हजार ७ सय १९ मोबाइल प्रयोगकर्ता रहेकोमा वैशाखमा यस्तो प्रयोगकर्ताको संख्या २० लाख ५४ हजारले घटेको हो।

वैशाखमा मोबाइल प्रयोगकर्ताको संख्या ३ करोड ३८ लाख ३७ हजार ५ सय १३ रहेका छन्। स्मार्ट टेलिकमको लाइसेन्स भने रद्द भएको कारण पनि यो संख्या धेरै देखिएको हो। यसअघि २४ लाख १९ हजारले यो सीम राखेर मोबाइल प्रयोग गर्दै आएका थिए।

तर, नेपाल टेलिकम (एनटिसी) र एनसेलको समेत कुल २ लाख १० हजारभन्दा बढी सीम प्रयोग घटेको छ। वैशाखका टेलिकमको सीम प्रयोग गर्ने मोबाइल धारकको संख्या एक लाख ९२ हजार ८ सय ५३ ले घटेर २ करोड ३ लाख ६४ हजार ७१७ मा सीमित भएको हो। टेलिकमको सिडिएमए र जिएसएम सीम प्रयोगकर्ताको संख्या चैतमा २ करोड १ लाख ७१ हजार ८ सय ६४ थियो।

एनसेलको सीम प्रयोग गर्ने मोबाइल धारकको संख्या १७ हजार ३ सय ८२ बाट घटेर एक करोड ३४ लाख ७२ हजार ७९६ छ। अर्थतन्त्रमा आएको सुस्तता, युवाहरूको बढ्दो विदेश पलायन लगायतको कारण एकै महिनामा मोबाइल र इन्टरनेट प्रयोगकर्ताको संख्या धेरैले घटेको हो।

# नेप्से परिसूचकमा २९ दशमलव ४७ अङ्कको वृद्धि

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २९ दशमलव ४७ अङ्कले बढेर दुई हजार ४५ दशमलव ४५ अङ्कमा कायम भएको छ । बुधबार नेप्सेमा सूचिकृत दुई सय ७३ कम्पनीको ४२ लाख ३७ हजार ६९ कित्ता शेयर ४४ हजार तीन सय ४० पटक खरिदबिक्री हुँदा रू एक अर्ब ५१ करोड चार लाख ८८ हजार नौ सय ८४ बराबरको कारोबार भएको छ ।

बुधबार सबै समूहका उपसूचक हरियो देखिएका छन् । सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक दुई सय ७६ दशमलव २९ अङ्कले र निर्जीवन बीमा समूहको उपसूचक दुई सय ३२ दशमलव २२ अङ्कले बढेको छ । बैंकिङ समूह नौ दशमलव ५४, विकास बैंक ४३ दशमलव ५५, वित्त ३३ दशमलव ८२, होटल तथा पर्यटन ५७ दशमलव २८ र लगानी समूह एक दशमलव ०७ अङ्कले बढेको छ ।

त्यस्तै, उत्पादन तथा प्रशोधन ४२ दशमलव ८०, लघुवित्त ६१ दशमलव ८०, म्युचुअल फन्ड शून्य दशमलव १२, व्यापार ५५ दशमलव ४९ र अन्य समूह १३ दशमलव ३७ अङ्कले बढेको छ । कुथेली बुखारी स्मल हाइड्रोपावरको शेयर मूल्य बुधबार सबैभन्दा धेरै नौ दशमलव ९९ अङ्कले बढेको छ भने धेरै घट्नेमा सिजिटन्स सुपर-३० म्युचुअल फन्डको शेयर मूल्यमा सात दशमलव ४२ प्रतिशतको गिरावट आएको छ ।

कारोबार रकमका आधारमा बुधबार सबैभन्दा धेरै घोराही सिमेन्ट इन्डस्ट्री लिमिटेडको रू सात करोड ५७ लाख ६५ हजार आठ सय ९४ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सोल्टी होटल लिमिटेडको एक लाख ५१ हजार सात सय १३ कित्ता शेयर किनबेच भएको छ । रासस

# घट्यो वैदेशिक व्यापार




काठमाण्डु । चालु आर्थिक वर्षको पहिलो महिनामा मुलुकको वैदेशिक व्यापार दुई दशमलव २८ प्रतिशतले घटेको छ ।

गत आवको पहिलो महिनामा रु एक खर्ब ४६ अर्ब नौ करोड ५७ लाख ६६ हजार रहेको वैदेशिक व्यापार यस वर्षको साउनमा रु एक खर्ब ४२ अर्ब ७६ करोड ७६ लाख २७ हजार कायम भएको छ । भन्सार विभागले सार्वजनिक गरेको चालु आवको पहिलो महिनाको तथ्याङ्कअनुसार गत वर्षको साउनको तुलनामा चालु आवको सोही अवधिमा आयात एक दशमलव ५६ प्रतिशतले घटेर रु एक खर्ब २९ अर्ब २३ करोड ८९ लाख ७१ हजार पुगेको छ । गत आवको पहिलो महिनामा रु एक खर्ब ३१ अर्ब २८ करोड ६० लाख ६६ हजारको आयात भएको थियो । तथ्याङ्कानुसार साउनमा वैदेशिक व्यापारमा आयातको अनुपात ९० दशमलव ५२ प्रतिशत रहेको छ ।

त्यस्तै सार्वजनिक विवरणअनुसार गत आवको पहिलो महिनाको तुलनामा यस आवको सोही अवधिमा निर्यात आठ दशमलव ६५ प्रतिशतले घटेको छ । गत आवको सुरुको महिनामा रु १४ अर्ब ८० करोड ९७ लाखको निर्यात भएकोमा चालु आवको समीक्षा अवधिमा रु १३ अर्ब ५२ करोड ८६ लाख ५६ हजारको निर्यात भएको छ । विभागका अनुसार यो अवधिमा कूल वैदेशिक व्यापारमा निर्यातको अनुपात नौ दशमलव ४८ प्रतिशत रहेको छ ।

**एक खर्ब १५ अर्बको व्यापार घाटा**

विभागका अनुसार चालु आवको पहिलो महिनामा मुलुकको व्यापार घाटा शून्य दशमलव ६६ प्रतिशतले घटेर रु एक खर्ब १५ अर्ब ७१ करोड तीन लाख १५ हजार कायम भएको छ । गत आवको पहिलो महिनामा व्यापार घाटा रु एक खर्ब १६ अर्ब ४७ करोड ६३ लाख ६५ हजार थियो ।

**आयातमा सबैभन्दा बढी डिजेल**

मुलुकको वैदेशिक व्यापारमा मुख्यरूपमा प्रभाव पार्ने पेट्रोलियम पदार्थ नै यस अवधिमा समेत प्रमुख आयात हुने वस्तुमा परेको छ । विभागको तथ्याङ्कानुसार एक महिनामा रु सात अर्ब ३४ करोड ७१ लाख २५ हजार बराबरको डिजेल आयात भएको छ । यो आयातमध्यकै बढी हो । त्यस्तै यस अवधिमा रु पाँच अर्ब ४४ करोड ७० लाख ७६ हजारको पेट्रोल आयात भएको तथ्याङ्कमा उल्लेख छ ।

**निर्यातमा सबैभन्दा बढी अलैंची**

नेपालबाट निर्यात भएको वस्तुमध्ये गत एक पहिनामा अलैँची सबैभन्दा धेरै देखिएको छ । विभागका अनुसार नेपालबाट रु ९६ करोड ४६ लाख छ हजारको अलैँची निर्यात भएको छ । त्यस्तै चालु आवको पहिलो महिनामा रु ९५ करोड ६६ लाख ३९ हजार बराबरको उनीको गलैँचा तथा कार्पेट निर्यात भएको विभागको तथ्याङ्क छ । रासस

# प्याज कालोबजारी गर्ने १७ जना कारबाहीमा

काठमाण्डु । भारतले प्याजमा भन्सार शुल्क बढाएपछि नेपाली बजारमा यसको अभाव देखिन थालेको छ । काठमाडौँको मुख्य बजारमध्ये एक कालीमाटी फलफूल तथा तरकारी बजारमा व्यापारीले दुई दिनदेखि प्याज ल्याएका छैनन् । कालीमाटी बजारमा दैनिक एक सय मेट्रिकटनसम्म प्याज आउने गरेकामा सोमबार र मङ्गलबार कत्ति पनि प्याज नआएको सूचना अधिकारी विनय श्रेष्ठले जानकारी दिनुभयो ।

"दैनिक औसत ९० देखि सय मेट्रिनटनसम्म प्याज आउनेगरेकामा दुई दिनदेखि ठप्प छ । गत आइतबार ४७ मेट्रिकटन आएको र भएको मौज्दातसकिए पछि अहिले कालीमाटी तरकारी बजारमा प्याज छैन", उहाँले भन्नुभयो । यहाँ आउने सबैजसो प्याज भारतबाट आयात हुने गरेकामा भारत सरकारले गत शनिबारदेखि ४० प्रतिशत भन्सार शुल्क बढाएपछि अहिले आउन छोडेको सूचना अधिकारी श्रेष्ठको भनाइ थियो । बेच्नका लागि नै नभएपछि कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले दैनिक मूल्यसूची तालिकाबाटै प्याजलाई हटाएको छ । "भएको मौज्दात सकियो ।

व्यापारीले ल्याउने कुरा हो, उतै (भारत) बाट पठाएका छैनन् भन्ने सुनेको छ," उहाँले भन्नुभयो, "बेच्नलाई प्याज नै नभएपछि मूल्यसूचीमा नराखिएको हो ।" भारतबाट व्यापारीले प्याज नल्याएपछि एकातिर बजारमा यसको अभाव देखिएको छ भने अर्कोतिर कालोबजारी र मूल्यवृद्धिसमेत देखिएको छ । पछिल्लो दुई दिनमा मात्र वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले १७ तरकारी व्यापारीलाई कारबाही गरेको छ भने थप केही व्यापारी माथि अनुसन्धान चलिरहेको छ । कालोबजारी र मूल्यवृद्धि भएको गुनासो उपभोक्ताबाट आएपछि विभागले प्याजलक्षित बजार अनुगमन थालेको हो ।

विभागका महानिर्देशक गजेन्द्रकुमार ठाकुरले पछिल्लो तीन दिनदेखि प्याजको बजारमूल्य केन्द्रित अनुगमन भइरहेको बताउनुभयो । "हामीले उपत्यकामा सबैतिर पुगेर अनुगमन गरिरहेका छौँ । बुधबार पनि कीर्तिपुर, चोभार, बनेपालगायत क्षेत्रमा अनुगमन भइरहेको छ", उहाँले भन्नुभयो,"अहिले हामीले मुख्यगरी प्याजका आयातकर्ता र गोदाममा अनुगमन गरिरहेका छौँ । व्यापारीले प्रतिकिलो रू ४८ मा किनेको प्याज रू ६८/७० सम्ममा बेच्ने गरेको अनुगमनबाट देखिएको छ ।"

यसरी मूल्यवृद्धि र कालोबजारी गर्ने व्यापारीलाई विभागले तत्काल अधिकतम रू तीन लाखसम्म जरिवाना गर्ने गरेको महानिर्देशक ठाकुरले जानकारी दिनुभयो । विभागले बजार अनुगमनका क्रममा सोमबार तीनवटा व्यापारीलाई जनही रू २० हजार, दुईवटा व्यापारीलाई जनही रू ५० हजारका दरले जरिवाना गरेको थियो भने चारवटा आयातकर्ता र व्यापारीलाई थप अनुसन्धानका लागि कागजात माग गरेको थियो । त्यस्तै मङ्गलबार अनुगमनका क्रममा १२ तरकारी व्यापारीलाई जरिवाना गरिएको थियो भने पाँच व्यापारीसँग थप अनुसन्धानका लागि कागजात माग गरिएको थियो ।

भारतले प्याजको निर्यातमा भन्सार बढाएको भोलिपल्टै नेपाली बजारमा प्याजमा कालोबजारी र चर्को मूल्यवृद्धि देखिन थालेको थियो । भारतले प्याज निर्यातमा कडाइ गर्दै भन्सार कर बढाउनु अगावै नेपाल भित्रिसकेको र मौज्दात रहेको प्याजमासमेत चर्को मूल्यवृद्धि र कालोबजारी भइरहेको विभागले जनाएको छ । कालीमाटी फलफूल तथा तरकारी बजारमा गत आइतबार प्रतिकिलो रू ६० का दरले बिक्री भइरहेको प्याज सोमबार प्रतिकिलो रू २० सम्म बढेर रू ८० पुगेको थियो तर विभागले अनुगमन गरेपछि कालीमाटी तरकारी बजारमा प्याजको मूल्य प्रतिकिलो रू १० सम्मले घटेपनि सोमबारयता भने त्यहाँ प्याज कारोबार भएको छैन । भारतको वित्त मन्त्रालयले शनिबार प्याजको निर्यातमा ४० प्रतिशतसम्म भन्सार कर बढाउने निर्णय गरेको थियो । त्यहाँको आन्तरिक बजारमा प्याजको मूल्य बढेपछि भन्सार कर बढाइएको उक्त मन्त्रालयले जनाएको थियो । आगामी डिसेम्बर ३१ सम्म यस्तो कर लाग्नेछ ।

यसअघि भारतले बास्मतीबाहेक अन्य चामल निर्यातमा बन्देज लगाएकाले नेपाली बजारमा चामलमा पनि कालोबजारी बढेको थियो । रासस

# प्रतिकूल मौसमले हवाई उडानमा समस्या

काठमाण्डु । अविरल वर्षाका कारण मुलुकको आन्तरिक हवाई उडानमा सामान्य असर परेको छ । त्रिभुवन अन्तर र्राष्ट्रिय विमानस्थलका अनुसार वर्षाका कारण 'भिजिबिलिटी' कम भएकाले आन्तरिक उडानमा समस्या आएको हो ।

विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीले प्रतिकूल मौसमका कारण आन्तरिक उडान रोकिएको जानकारी दिनुभयो । आन्तरिक उडान रोकिए पनि अन्तर्राष्ट्रिय उडान भने नियमित सञ्चालन भइरहेको उहाँले उल्लेख गर्नुभयो । विभिन्न गन्तव्यमा उडान रद्ध भएको एयरलाइन्स कम्पनीले जनाएका छन् । बुद्ध एयरका सूचना अधिकारी दीपेन्द्रकुमार कर्णका अनुसार सुर्खेतको दुई र तुम्लिङटार गन्तव्यको एक उडान रद्द भएको छ । पोखराबाट भरतपुर र पोखरा-नेपालगञ्जको सबै उडान रद्द गरिएको छ । काठमाण्डु - पोखरा गन्तव्यको उडान सामान्य असर परे पनि केहीबेर अघिदेखि पुनः उडान सञ्चालन गरिएको उहाँको भनाइ थियो। जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार आगामी तीन दिनसम्म वर्षा जारी रहनेछ । बुधबार काठमाडौँ उपत्यकासहित देशका अधिकांश स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ । रासस


मधेश प्रदेश सरकार

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

जनकपुरधाम, धनुषा

**मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८०।०५।०६

यस मन्त्रालयको लागि आ.व. ०८०।८१ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७८/०७९ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०७९/०८० मा यस मन्त्रालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०७९/०८० को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ ।

तपसिल

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम

# भारतबाट १ सय बढीको सामान ल्याउँदा भन्सार तिर्नुपर्ने नियम हटाउन सांसद यादवको माग

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी (जसपा) का प्रमुख सचेतक प्रदीप यादवले सीमा नाकाबाट १ सय रुपैयाँभन्दा बढी मूल्यको सामान आयात गर्दा भन्सार कर लगाउने सरकारको नियम व्यवहारिक नभएको भन्दै त्यसलाई परिमार्जन गर्नुपर्ने बताएका छन् ।

बुधबार प्रतिनिधिसभाको बैठकमा बोल्दै पर्सा क्षेत्र नम्बर १ का प्रतिनिधि सभा सदस्य समेत रहेका यादवले यस्तो बताएका छन ।

उनले भने,' यो नियमले नाकामा प्रहरी र नागरिकबीच सधै झगडा भइरहेको छ। किनकि सीमा क्षेत्रका नागरिकले भान्सा खर्चका लागि पारीको बजारबाट दाल , तेल , मसला ल्याँउदा भन्सार नाकामा प्रहरीले दुख दिने गरिरहेका छन्। जुन एकदमै अव्यवहारिक छ ।त्यसका कारण सरकारले यो निर्णय तत्काल सच्याउनुपर्छ।



नेपाल र भारतबीचको सीमा नाका व्यवपारिक मार्ग नभइ दुई देशबीच रोटी बेटीको, पारिवारिक र घरायसी सम्बन्ध पनि रहेकाले सरकारले लगाएको यो नियम तत्काल सच्याउनु पर्ने माग उनले गरे ।

हवाई मार्ग भएर आउनेहरूका लागि २ वा ३ लाखको मोबाइल र ल्यापटमा समेत कर नलगाउने तर स्थलमार्गबाट १ सयभन्दा बढी मूल्यको सामानमा भन्सार कर लगाउने सरकारको नियम व्यवहारिक नभएको उनले धारणा राखे ।

सांसद यादवले हवाई मार्गभन्दा स्थल मार्गको नाका कडाइ गरिएको भन्दै यसलाई व्यवहारिक रुपमा परिमार्जन गर्नुपर्ने बताए ।

'हवाईमार्ग भएर आउने नेपालीले २ लाख, ३ लाखको मोबाइल सहजै ल्याउन सक्छन् । तर स्थलमार्गबाट १ सयभन्दा महंगो सामान ल्याउँदा कर लगाइन्छ। किन यस्तो विभेद् ? यसले सीमा क्षेत्रम समस्या निम्त्याएको छ,' सांसद यादवले भने ।

भन्सारमा आयात कडाइ गरिँदा स्थानीय स्तरमा झगडा लगायत समस्या उत्पन्न हुने गरेको उनको भनाइ थियो । साथै सीमा क्षेत्रका बासिन्दालाई हरेक दिन सीमापार गरी भारत आउजाउ गरिरहनुपर्ने भएको स्मरण गराउँदै उनले सीमा कडाइको सवालमा व्यवहारिक बन्नुपर्ने बताए ।

यसैबीच वीरगन्जको नारायणी अस्पताल सहित मधेसका अस्पतालहरूमा डेंगीका बिरामीले शैया भरिएको अवस्था रहेको भन्दै उनले अस्पतालमा शैया बढाउन यादवले माग गरे ।

# चन्द्रयान-३ को सफल अवतरण प्रधानमन्त्री प्रचण्डद्वारा भारतलाई बधाई



**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले भारतले चन्द्रमाको सतहमा चन्द्रयान-३ को सफल अवतरण गराउन सफल भएकोमा बधाई दिएका छन् । उनले आज ट्वीट गर्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र भारत अन्तरिक्ष अनुसन्धान संस्था (आइएसआरओ) का सम्पूर्ण वैज्ञानिकलाई बधाई दिएका छन्। प्रधानमन्त्री दाहालले चन्द्रयानको सफल अवतरणबाट विज्ञान र अन्तरिक्ष प्रविधिमा ऐतिहासिक उपलब्धि भएको बताएका छन। उनले मित्रराष्ट्र भारतको यस सफलताबाट अन्तरिक्षको खोज, अनुसन्धानका साथै नयाँ सम्भावनाको खोजीमा मानव जातिले अर्को महत्वपूर्ण उपलब्धि हासिल गरेको उल्लेख गरेका छन् ।

प्रधानमन्त्री दाहालले यस सफलतासँगै संसारभरिका वैज्ञानिक एवं अनुसन्धानकर्तामा थप प्रेरणा प्रदान गरेको उल्लेख गर्दै ऐतिहासिक कार्यका निम्ति समकक्षी मोदी, भारत सरकार र भारतीय जनतामा नेपाल सरकार र नेपाली जनताका तर्फबाट बधाई ज्ञापन गरेका छन्। भारतले आज चन्द्रयान-३ चन्द्रमाको दक्षिणी ध्रुवमा सफलतापूर्वक अवतरण गराएको छ ।

## नापी कार्यालयका अमिन घुस सहित पक्राउ



**टुडे समाचारदाता**

लहान । अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबासको टोलीले नापी कार्यालय लहानका अमिन दिपरन्जन यादवलाई नगद १० हजार रुपैयाँ घुस सहित पक्राउ गरेको छ ।

लहान–१ स्थित कार्यालयबाट बुधबार उनलाई पक्राउ गरेको छ । जग्गाको लालपुर्जाको लागि सेवाग्राहीसँग रुपैयाँ माग गरेको सूचनाको आधारमा यादवलाई अख्तियारको टोलीले रंगेहात पक्राउ गरेको थियो ।

पक्राउ परेका यादवलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबासका कार्यालय प्रमुख राम बहादुर कुरुम्वाङले बताए ।

## जसपामा नयाँ विधानअनुरुप संगठन गठन, पुनर्गठन र रुपान्तरण गर्ने तयारी

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी, नेपाल (जसपा)ले नयाँ विधानअनुरुप आफ्ना संगठनहरुलाई गठन, पुनर्गठन र रुपान्तरण गर्ने तयारी गरेको छ ।

जसअनुसार पार्टीले भाद्र मसान्तभित्रै नयाँ विधानअनुरुप प्रदेश समिति र राष्ट्रिय समितिहरूको आवश्यकतानुसार गठन पुनर्गठन गर्ने जनाएको छ ।

त्यस्तै जिल्ला तथा विशेष जिल्ला समन्वय समितिहरुलाई पनि यथाशीघ्र विधानबमोजिम जिल्ला समितिमा रूपान्तरण वा पुनर्गठन गरिने प्रचार विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिए । सो अनुसार आन्तरिक परिपत्र जारी गरिएको उनले बताए ।

त्यस्तै पार्टीले संगठनको अभिलेख अद्यावधिक गर्न लागेको छ । पार्टीले आगामी कार्तिक मसान्तभित्र नामावलीसहितको सांगठनिक विवरण पठाउन पार्टी संगठन र समितिहरुलाई निर्देश गरेको छ ।

सदस्यता अद्यावधिक गर्दा तोकिएको सदस्यता शुल्क बुझाएको हुनुपर्ने बस्नेतले बताएका छन ।

# सीमामा सुरक्षाभन्दा बढी टर्चर

**टुडे समाचारदाता**

जनकपु।धाम।नेपाल भारतको सीमामा खटिएका सुरक्षाकर्मीको व्यवहारका कारण जनतालाई बढी समस्या हुने गरेको छ । बोर्डरदेखि नै सुरक्षाकर्मीले टर्चर गरेको स्थानीयवासीहरुको गुनासो छ।पहिला भारतीयहरु गाडी लिएर जनकपुरधाम वा जलेश्वर आउँदा चेकजाँचको नाउँमा नेपाली प्रहरीले समस्या गर्थ्यो भने अहिले नेपाल प्रहरी र सशस्त्र प्रहरीले समस्या गरिरहेकोमा केही वर्षदेखि भारतीय एसएसबीले पनि गर्न थालेका छन् । जोडले कराएर बोल्ने, होच्याउने प्रवृति नै एसएसवीको देखिएको छ । एसएसवीको यो व्यवहारका कारण कतिले सीमा क्षेत्रमा आउनजान छोडिदिएका छन् ।

धनुषाको जटही सीमामा सबैभन्दा बढी एसएसवीले समस्या गर्ने गरेको देखिएको छ । विहेको बेला चेकजाँचको नाउँमा जन्तीहरुलाई गाडीवाट तलसम्म ओलार्ने गर्नेको गुनासो अधिक पाइएको छ ।

बेहुलासम्मलाई मानसिक टर्चर गर्ने गरेको पीडितहरु वताउँछन् । सीमामा खटिएका सुरक्षाकर्मीका कारण पर्यटन क्षेत्र प्रभावित हुँदा पनि तिनीहरु आफ्नो बानी सुधार नगरेको नेपाल उद्योग वाणिज्य मधेश प्रदेशका पूर्व अध्यक्ष शिवशंकर साह 'हिरा' ले वताए ।

नेपाल र भारत बीचको खुल्ला अन्तर्राष्ट्रीय सीमा रहेको छ । १७५१ कि.मी. लामो रहेको जसमा हिमालयी भूभाग एवं सिन्धु-गंगा मैदान सम्मिलित छन् । वर्तमान समयमा दुबै देशबीच जुन सीमा रहेको छ त्यसको निर्धारण भारतमा बेलायती राजको समय ई.१८१६ मा सुगौली सन्धिको द्वारा गरिएको थियो । १९४७ मा भारत स्वतन्त्र भएपछि यही सीमा दुबै देशको बीचको सीमान्त कायम गरिएको थियो। नेपालको बिहारसँग करिब ६०१ किलोमीटर सीमा सटेको छ भने उत्तर प्रदेशको करिब ६५१ किलोमीटर रहेको छ । नेपालको सीमा भारतको उत्तराखण्ड, सिक्किम र पश्चिम बंगाल राज्यसँग पनि रहेको छ । सीमामा नेपालतर्फ सशस्त्र प्रहरीले र भारततर्फ एसएसवीले सुरक्षा दिने गरेको छ ।




दुबैतर्फका हजारौं व्यक्ति पहिलादेखि नै सहजरुपमा आवतजावत गर्ने गर्थे तर सुरक्षाकर्मीहरुको समस्याका कारण दुबै देशको सम्बन्धमा पनि असर परिरहेको छ । कतिजना नेपाल घुम्न आउँछन् त्यही रुपमा भारत घुम्ने नेपालीको संख्या पनि कम छैन् । भारत जाने नेपालीहरु त्यहाँका मठमन्दिरमा पूजा गर्न, पढ्नका साथै स्वास्थ्य उपचारका लागि पनि जाने गरेका छन् ।

यो सम्बन्धलाई प्रतिकूल असर दुबै देशका सुरक्षाकर्मीले पारिरहेको आरोप नेपाल भारत खुल्ला सीमा सम्बाद समूहका अध्यक्ष राजीव झाको रहेको छ । केही व्यक्ति वा संस्था दुबै देशका जनताबीच सम्बन्ध सुधारमा लागेका छन् भने केही बिगार्नमा लागेका छन् । दुबै देशबीचको बेटीरोटीको सम्बन्ध कुनै पानि हालतमा नबिग्रिने झाको विश्वास छ । दुबै देशको सरकारले यो समस्यालाई गम्भीरताका साथ लिनुपर्ने उनको भनाइ छ ।

भारतीय गाडी हेर्ने वितिकै नेपाल प्रहरी, सशस्त्र प्रहरी र ट्राफिक प्रहरी असामी जस्तो बुझ्न थाल्छन् । कुनै न कुनै बहाना बनाएर पैसा लिने गरेको देखिएको छ । दुई दिनका लागि जनकपुरधाम आउनेहरु यसैका कारण एकदिनमै भारत फर्किने गरेको बताइन्छ ।

सीमामा कडाइको प्रभाव दुबैतर्फको विहेवारीमा समेत पर्न थालेको छ। विद्यापति सेवा संस्थान दरभंगा विहारका महासचिव वैद्यनाथ चौधरी 'वैजुबाबू'ले पहिले १०० जनाको दुबै तर्फ विहे हुने गर्थ्यो भने अहिले त्यो १० जनामा झरेको वताए । बेटीर ोटीको सम्बन्ध विगार्ने षड्यन्त्र भइरहेको उनको कथन छ ।

भारतीय महावाणिज्य दूतावासका अधिकारीहरु प्रत्येक महिना जनकपुरधाम आउने गर्छन्, मेयर लगायतले दिनदिनै चुनरी ओढाएर सम्मान गर्ने गर्छन्, तर कसैले सीमाको समस्या राख्न चाहँदैनन् ।

केहीदिन अघि नेपाली गाडीलाई भारतमा जान पूर्णरुपमा रोक लगाइएको थियो तर दुबैतर्फका जनदबाबका कारण सो रोकलाई फिर्ता लिइएको छ । तर सुरक्षाकर्मीको लापरवाहीका कारण जनतालाई समस्या दिने कार्य कुनै न कुनै रुपमा कायमै रहेको छ ।

# जलेश्वरमा प्रदर्शन



**टुडे समाचारदाता**

जलेश्वर । व्यवसायीलाई कुटपिट गरेको भन्दै उद्योग वाणिज्य संघ जलेश्वरले महोत्तरीको जलेश्वर बजार बुधबार बिहानैदेखि बन्द गरेको छ । मिटरब्याज पीडितको आन्दोलनरत समूहबाट व्यवसायी कुटिएको भन्दै कारबाहीको माग गर्दै बजार बन्द गरिएको उद्योग वाणिज्य संघ जलेश्वरले जनाएको छ ।

मंगलबार दिउँसो जलेश्वर बजारमा ऱ्यालीसहित ज्ञापनपत्र बुझाउन जिल्ला प्रशासन जाने क्रममा मिटरब्याज पीडितको एक समूहले अराजक शैलीमा स्थानीय व्यवसायीलाई कुटपिट गरेको उद्योग वाणिज्य संघले जनाएको छ ।

स्थानीय व्यवसायी रुपेश साहले पसलको अगाडि मोटरसाइकल रोक्न लागेका बेला ऱ्यालीमा हिँडेकी एक महिलालाई छोएपछि उत्पन्न विवादका कारण साहलाई अराजक समूहले लखेटेर पिटेको व्यापार संघको आरोप छ ।

कुटपिटमा संलग्न व्यक्तिलाई कारबाही र व्यवसायीको सुरक्षाको मागसहित बजार बन्द गरेको उद्योग वाणिज्य संघ जलेश्वरका अध्यक्ष लभराजा सिंहले बताए ।

जलेश्वरको महेन्द्र चोकमा भएको विवादपछि जिल्ला प्रशासनमा ज्ञापनपत्र बुझाउन पुगेको मिटरब्याज पीडितको समूह र जलेश्वरका व्यवसायीलाई लिएर जिल्ला प्रशासन पुगेको समूहबीच मंगलबार नै जिल्ला प्रशासनमा हात हालाहालको अवस्था भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । घटनापछि केही व्यक्तिलाई नियन्त्रणमा लिएर बुधबार नै प्रहरीले छाडेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रमुख एसपी प्रकाश मल्लले जानकारी दिए ।

व्यवसायीको सुरक्षाको माग गर्दै बजार बन्द गरिएको भए पनि बुधबार जलेश्वर शान्तिपूर्ण अवस्थामा रहेको मल्लले जानकारी दिए ।

मिटरब्याज पीडितको आन्दोलन नेतृत्व गर्ने समूहबाट व्यवसायी कुटिएको र आफूहरूले उनीहरुमाथि कारबाहीको माग राखेको उद्योग वाणिज्य संघ जलेश्वरका अध्यक्ष सिंहले बताए । आन्दोलन गर्नु अधिकार भए पनि व्यवसायीलाई कुटपिट गर्ने, बाटो हिँड्नै नदिने, पसल तथा व्यवसाय संचालन गर्न अवरोध गर्ने जस्ता कार्यविरुद्ध संघको आन्दोलन रहेको र जिल्ला प्रशासनले दोषीमाथि कारबाही नगरे आन्दोलन थप सशक्त बनाउने उनले चेतावनी दिए ।

व्यवसायीको आन्दोलनका कारण बुधबार जलेश्वरको बजार तथा विद्यालयहरु बन्द रहेका छन् । मिटरब्याज पीडितहरुले भने आफ्नो आन्दोलनलाई कमजोर बनाउन व्यवसायीले गलत आरोप लगाएको बताएका छन् । बुधबार जलेश्वरमा प्रदर्शन गर्दै मिटरब्याज पीडितहरुले सरकारले ल्याएको ऐन संशोधनसहित पाँच बुँदे माग राख्दै जिल्ला प्रशासन महोत्तरीलाई ज्ञापनपत्र बुझाएका थिए ।

# हत्यारालाई कारवाही नभए सडकमा उत्रने चेतावनी

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामका साधु सन्तले गाई र गोरुको हत्या गर्नेलाई कानुन बमोजिम कडा कारवाही नगरिए आफूहरु चुप लागेर नबस्ने चेतावनी दिएका छन् ।

तुलसीदास जयन्तीको अवसरमा जनकपुरधाममा आयोजित तुलसी जयन्ती समारोहमा साधुसन्तले नेपाल अझै पनि संख्याको हिसावले सनातन हिन्दुहरुको देश भएकाले अन्याय सहेर नबस्ने बताए ।

जानकी मन्दिरका सहायक महन्त रामरोशन दासले नेपालको विभिन्न ठाँउमा हिन्दु धर्मप्रतिको ठाडो हस्तक्षेप स्वरुप



गाईगोरुको हत्या भइरहेकाले त्यसका अपराधीहरुलाई कानुनी कारबाहीको लागि माग गरे ।

तुलसी दासको जन्मजयन्तीको अवसरमा तुलसी स्मारक मन्दिरमा विशेष पुजापाठ, झाँकी, भजन किर्तन भइरहेको छ भने मन्दिरको नयाँ भवनको समेत उद्घाटन गरिएको छ । मन्दिरबाट झाँकी बैण्डपार्टी सहित साधुसन्तहरुले शोभायात्रा निकाल्दै सनातन हिन्दुधर्मको जय र जय सियारामको नारा लगाएका थिए ।


सार्वजनिक सेवा र कार्यमा सुशासन कायम गरौं ।

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं ।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं ।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं ।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं ।

"व्यवसायिक र सिर्जनशील प्रशासन : विकास समृद्धि र सुशासन"

नेपाल सरकार
विज्ञापन बोर्ड

एकाउण्टेन्ट चाहियो



जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.का लागि एकजना लेखा प्रमुख (एकाउण्टेन्ट) आवश्यक भएकोले कम्तिमा बीबीए, बीबीएस वा सो सरह उतिर्ण, लेखा सम्बन्धी कार्यमा अनुभवी, लेखा सम्बन्धी सफ्टवेयरको जानकारी भएका इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नु होला । तलब आपसी सहमती अनुसार र अन्य सेवा, सुबिधा कम्पनीको नियमानुसार हुनेछ । महिलालाई विशेष ग्राहयता दिनेछ ।

सम्पर्क फोन नं.
९८५४०२७५९१, ०४१-५२७५९१
वायोडाटा पठाउने इमेल:jtodayad@gmail.com

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८